# खण्ड १ - परिचय

## १.१ स्थानीय तहको संक्षिप्त परिचय




मुस्ताङ जिल्ला नेपालको प्रदेश नम्बर ४ अन्तर्गत पर्ने हिमाली जिल्ला हो । धौलागिरी हिमाल (८१६७ मी.) र निलगिरी हिमाल (७०६० मी.) पार गरेर आउनु पर्ने भएकोले यस जिल्लालाई हिमालपारीको जिल्लाको नामले चिनिन्छ । मुस्ताङ जिल्लामा रहेको प्राचीन गुफाहरू र वस्तिहरूको पुरातात्विक अन्वेषणले यस जिल्लाको ईतिहास करिव ३००० वर्ष पुरानो भएको पुष्टि हुन्छ ।

विश्व मानचित्रमा मुस्ताङ जिल्लाको अवस्थिती २८ डिग्री ३३ मिनेट ५१ सेकेण्ड देखि २९ डिग्री १९ मिनेट ५२ सेकेण्ड उत्तरी अक्षांस र ८३ डिग्री २८ मिनेट ५४ सेकेण्ड देखी ८४ डिग्री १ मिनेट ५८ सेकेण्ड पूर्वि देशान्तरको विचमा अवस्थित छ । पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्वत र दक्षिणमा म्याग्दी जिल्ला पर्ने यस जिल्लाको कुल क्षेत्रफल ३५६.२१ वर्ग कि.मी. रहेको छ । जुन नेपालको कुल क्षेत्रफको २.४२ प्रतिशत हो । जिल्लाको सदरमुकाम जोमसोम समुन्द्र सतहदेखि २७१० मिटर उचाईमा रहेको छ । समुन्द्र सतहदेखि २०१० मी. (घाँसा) देखि ८१६७ मी. (धौलागिरी) उचाईमा रहेको मुस्ताङ जिल्लाको हावापानी सुख्खा ठण्डा रहेको छ ।

जिल्लाको तल्लो भागमा तुलनात्मक रूपमा बढी वर्षा भए तापनि माथिल्लो भागमा अत्यन्त कम वर्षा हुन्छ । औषत वार्षिक वर्षा तल्लो भागमा २०० मी.मी. र माथिल्लो भागमा हिमपात हुन्छ । गर्मी महिनाको अधिकतम तापक्रम २६ डिग्री से. र हिउँद महिनामा न्युनतम -९ डिग्री से. सम्म झर्दछ । हावापानी अनुसार हिमालको नजिक कोणधारी वनस्पति र माथिल्लो भागमा काँडेदार वनस्पति पाइन्छ । यस जिल्लाको वन क्षेत्र कुल क्षेत्रफलको ३.२४ प्रतिशत अर्थात १२,३२४ हेक्टर रहेको छ । जैविक विविधताले धनी यस जिल्लामा करिव १,२२६ प्रजातिका वनस्पति रहेको अनुमान छ । करिव ४७४ जातिको चराचुरूङ्गी रहनुको साथै जीव जन्तुमा हिमचितुवा, कस्तुरी मृग, जंगली घोडा आदि पाईन्छन् । नयाँ संरचना अनुसार ५ गाउँपालिकाहरू १ घरपझोङ (केन्द्र जोमसोम), २, थासाङ -केन्द्र कोवाङ), ३, दालोमे -केन्द्र चराङ), ४, लोमन्थाङ-केन्द्र लोमन्थाङ) ५, वाह्र गाउँ

मुक्तिक्षेत्र-केन्द्र कागवेनी) हुन । एउटा निर्वाचन क्षेत्र रहेको यस जिल्लामा २०६८ को जनगणना अनुसार कुल जनसंख्या १३,४५२ रहेको छ ।

जनगणना २०६८ अनुसार यस जिल्लाको कूल जनसंख्या यस प्रकार रहेको छ : महिलाको जनसंख्या ६३५९, पुरूषको जनसंख्या ७०९३, कुल घरधुरी संख्या ३३०५, जिल्लाको कुल क्षेत्रफल ३५७३ वर्ग कि.मी. औषत जनसंख्या प्रति घरधुरी ४.०१, लैंगिक अनुपात १११.५, जनसंख्या वृद्धिदर १.०, जनघनत्व प्रति वर्ग कि.मी.४ जना रहेको छ ।

## घरपभ्रोङ गाउँपालिकामा रहेका ऐतिहासिक, धार्मिक, तथा पर्यटकीय स्थल ताल तलैयाहरू

निलगिरी हिमाल, धौलागिरी हिमालको दृश्य अवलोकन, ठिनी घरपभ्रोङ गढी, ठिनी थकाली संग्राहलय, कैसाङ क्याम्प (खम्पा क्याम्प), ढुम्वा ताल, तिलिचो वेसक्याम्प, ह्यारूभ्रो भ्यूटावर, तातोपानी कुण्ड, रक क्लाइम्विङ जोमसोम, कोइला खानि, छैरो गुम्बा, मार्फा गुम्बा, कुछपतेङ्गा गुम्बा, ल्हखीम कर्पो गुम्वा ठिनी, युङडुङ कुन्डालिक वोन्पो गुम्बा जोमसोम, लियोपार्ड गुफा, ठिनी गुम्बा, जोमसोम शाक्यापा गुम्बा, छैरो शरणार्थी क्याम्प, छोटा रुटका आकर्शक पदमार्गहरु, प्राकृतिक रुपमा मनोरम चिमाङ गाउँ, मार्फा स्याउ फार्म, छेमा ताल, याक खर्क, मेसोकान्तो पिक, इको म्युजियम, भग्नावेश रुपमा रहेको ऐतिहासिक तिब्बतीयन क्याक्प छैरो, स्याङ गुफा, आकर्षक सुटिङ स्थल (ल्हेओथाङ) सम्ले, माप्ती गुफा मार्फा, धेछेलिङ गुम्वा, टसील्हखाङ गुम्वा, स्याङ पुरानो गुम्वा, प्राचिन धैलोङ गुफा , स्याङ फोलाढोला (कुल देवता) , पवित्र चाङपुई गुफा, सम्तेन छयोलिङ गुम्वा,मार्फा ञ्हिसुम गुम्वा, प्रा गुम्वा मार्फा आदि रहेका छन् ।

## वनस्पति तथा जैविक विविधता

जिल्लाको हावापानी शितोष्ण खालको भएको हुनाले तल्लो भेग तिर मिश्रित कोणधारी वनस्पति धुपी सल्लो पाइन्छ भने माथिल्लो भेगतिर १०,००० फिट भन्दा माथि भोटे पिपल, वैंस काँडेदार वुट्यान र घाँस मुख्य रूपमा रहेको छ । जिल्लामा पाइने मुख्य वनस्पतिमा सल्लो, धुपी, वैंश, भोजपत्र, लालीगुराँस, काँडेदार वुट्यान,घाँस, भोटे पिपल रहेको छन् ।

## वन्यजन्तु

चितुवा, हिउ चितुवा, कस्तुरी, खरायो, घोरल, वन भेडा, भालु, नोर नाउर, वाघ आदि जिल्लामा पाइने मुख्य वन्य जन्तुहरू हुन् ।

## वन्यपंक्षी

डाँफे, मुनाल, च्याखुरा, लाटोकोसेरो, कालीज आदि पनि यस जिल्लामा पाइने वन्यपंक्षीहरू हुन ।

## जडीवुडी

यहाँको वनमा महत्वपूर्ण जडीवुडी जस्तै यार्चागुम्वा, पाँचऔले, निरमसी, जटामसी, सतुवा, चिची, तोरा, चुत्रो, कुट्टी, कुठ, भोजा, जमानो, कुकुर्को वीख, हारा, सोमतला, चुल्ठे अमिलो, बोझ्रो,

जिम्बु, भोलु (चिया) कुरिलो, तोरा चिचि, विभिन्न थरिका खाद्यय च्याउ, सुगन्धित फुलहरु घोराङमार्चा, आदि जस्ता प्रशस्त वहुमुल्यवान र उपयोगी जडिवुडीहरू पाइन्छन् ।

## पाल्तु पशुपंक्षी

यहाँ पालिने पाल्तु पशुमा याक, नाक, झोपा, चौरी, घोडा, लुलु, खच्चड, गधा, भेडा, च्याङग्रा, भैसी, गाई, वंगुर, खरायो आदि हुन् भने पंक्षीमा कुखुरा, हाँस र परेवा पनि पालिन्छन् ।

## सामाजिक जनजीवन

उच्च पहाडी दुर्गम हिमाली जिल्ला भएको हुनाले यहाँको जनजीवन भिन्नै प्रकारको छ । सदरमुकाम देखि उत्तर तिर भोटे गुरूङ, विष्ट र ठकुरी जातीहरूको वाहुल्य छ भने दक्षिण तिर थकाली समुदायको अतिरिक्त दलित तथा अन्य जातीहरूको वसोवास भएको पाइन्छ । गुरूङ तथा थकाली जातीहरू वौद्ध र वोन धर्म मान्दछन् भने दलित तथा अन्य जातीहरूले हिन्दू धर्म प्रति आस्थावान देखिन्छन् । यस गाउपालीकामा थकाली जातीको वाहुल्यता रहेको पाइन्छ ।

## घरपझोङ गाउँपालिकाको परिचय

नेपालको संविधान २०७२ को धारा ५६ को उपधारा ४ वमोजिम स्थानीय तह पुर्नसंरचना अनुसार मुस्ताङ जिल्लाको स्थानीय तह पुर्नसंरचना प्राविधिक सहयोग समितिको मिति २०७३।८।१२ गते वसेको साविक जोमसोम, मार्फा, र टुकुचे गा.वि.स. का स्थानीय राजनैतिक दल, समाजसेवी, कर्मचारी लगायतको भेलाले साविक टुकुचे गा.वि.स. को वडा नं. ८ र ९ चिमाङ, मार्फा गा.वि.स. को वडा नं. १ देखि ९ सम्म र जोमसोम गा.वि.स. को वडा नं. १ देखि ९ सम्म मिलाई जम्मा ५ वडा कायम गरी घरपझोङ गाउँपालिका नामाकरण गर्ने निर्णय गरेको थियो । यस गाउँपालिकाको कुल जनसँख्या ३०२९ रहेको छ भने कुल क्षेत्रफल ३१६.८७ वर्ग किलोमिटर रहेको छ ।

जसको वडा विभाजन, जनसँख्या, क्षेत्रफल र केन्द्र तलको तालिकामा उल्लेख गरिएको छ ।

| वडा नं. | साविकको गा.वि.स. | साविक वडा नं. | जनसँख्या | क्षेत्रफल - (कि.मी.) | केन्द्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टुकुचे र मार्फा | क्रमशः ८,९ र ९ | २१६ | ४९.३९७ | छैरो | |
| २ | मार्फा | १–४ | ५७६ | १६.७२४ | मार्फा | |
| ३ | मार्फा | ५–८ | ८७६ | ७२.०३९ | स्याङ | |
| ४ | जोमसोम | ५–८ | ८३७ | ६४.४०६ | जोमसोम | |
| ५ | जोमसोम | १–४ र ९ | ५३३ | ११४.३०४ | ठिनी | |

## सिमाना

पूर्वः– मनाङ जिल्ला

पश्चिम :– डोल्पा जिल्ला

उत्तर :– बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका

दक्षिणः– थासाङ गाउँपालिका

**शिक्षण संस्था**

यस घरपझोङ गाउँपालिकामा १ क्याम्पस, ३ माध्यामिक विद्यालय (१ निजी सहित) र ६ आधारभुत विद्यालयहरू रहेका छन् ।

**स्वास्थ्य केन्द्र**

यस गाउँपालिकामा १५ शैयाको जिल्ला अस्पताल र २ ओटा स्वास्थ्य चौकी रहेका छन् भने एक वटा आयुर्वेद स्वास्थ्य केन्द्र रहेको छ ।

यस गाँउपालिकामा पर्यटकिय क्षेत्रको रूपमा ढुम्बा ताल, ऐतिहाँसिक चिनारी भएको मार्फा गाँउ, ह्यारूझो भ्यू टावर, लियोपार्ट केभ, पुराना गुम्बाहरू, थकाली तथा गुरूङ जातिको सँस्कृति झल्काउने म्युजियमहरू र मुक्तिनाथ, लोमन्थाङ र संसारकै अग्लो स्थानमा रहेको तिलिचो ताल जस्ता ठाँउहरूमा जाने प्रवेश विन्दु, हिमालहरुको मनोरम दृश्य, संसारबाटै लोप हुन लागेका हिम चितुवा लगायतका वन्यजन्तुहरु, राष्ट्रिय पंक्षि डाफे लगायतका वन्य पंक्षिहरु, यार्चागुम्बा, पाँचऔंले लगायतका महत्वपूर्ण जडिबुटिहरु पाईनुका साथै सामुदायिक स्याउ खेतीमा अकर्षण, अन्नवाली तथा नगदेवालीहरुको उत्पादन र बिक्रिवितरण हुने भएको हुँदा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आर्कषण गर्नुका साथसाथै आयआर्जन गर्न गाँउपालिकाबासीहरू सफल भएका छन्, जसका कारणले गर्दा यस गाँउपालिकाबासीहरू आर्थिक रूपमा सवल भएको देखिन्छ ।

## १.२ विधमान अवस्थाको समिक्षा

### १.२.१ सवल पक्षहरू

- वनजंगल, जडिवुटी, नदिनाला खोला, जैविक विविधता, भौगोलिक सुन्दरता, मनोरम प्राकृतिक छटाहरूले भरिपूर्ण सुन्दर बस्ती घरपझोङ गाँउपालिका प्राकृतिक स्रोत र साधनले धनि छ ।
- हिन्दु बौद्ध दुवै धर्मको पवित्र संगम कालिगण्डकीको तटमा रहेको सुन्दर वस्तीको विकास आन्तरिक पर्यटक, धार्मिक पर्यटक र विदेशी पर्यटकलाई आर्कषित गर्न सकिने प्रवल सम्भावना रहेको छ ।
- विदेशमा गई वसेका मुस्ताङवासी (डायस्पोरा) परिचालन मार्फत अन्तरार्ष्टिय पर्यटनको प्रर्वधन गर्न सकिनेछ , जस्तैः Once Is not Enough Visit Marpha and Jomsom
- मार्फालाई स्याउको राजधानीको रूपमा विकास गर्न तथा चिमाङ छैरो, पुथाङ लाई कृषि पकेटको रूपमा विकास गर्न सकिने प्रवल सम्भावना रहेको छ ।

- कालीगण्डकी किनारमा रहेको यस क्षेत्रको विकासमा नदीजन्य स्रोत र साधनको उपयोग गरी साना उधोग मार्फत आर्थिक सम्बृद्धि हासिल गर्न सकिन्छ ।
- तुलनात्मक रूपमा लाभ प्राप्त गर्न स्थानीय उत्पादनको विविधिकरण गर्न सकिन्छ ।
- सिन्डीकेट हट्दै गएकोले हाल जोमसोम देखि काठमान्डौ सम्म र जोमसोम देखि सुनौलीसम्म यातायत सहज बनेको छ साथै देशका अन्य स्थानहरु सम्म यातायातको पहुँच बढ्दै जाने प्रवल सम्भावना रहेको छ ।

### १.२.२ कमजोर पक्षहरू

- गाउँपालिकाभित्र समुदायस्तर, वस्तीस्तर, वडा वडा विचमा सहकार्य, समन्वय र एकिकृत अवधारणा अनुरुप संस्थागत संरचनाको विकास गर्नु पर्ने देखिन्छ ।
- विकासका प्रत्येक कृयाकलापमा साझेदार निकाय र सरोकारवालहरुविच अग्र र पृष्ठ सम्बन्ध र समन्वय स्थापित हुन नसक्नु ।
- ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण र व्यवस्थापनमा न्यून चाँसो रहनु ।
- मोटरबाटो निर्माणसँगै विना योजना अव्यवस्थित रुपमा होटेल, रेष्टुँरा र व्यवसायिक भवनहरुको निर्माण गरिनु ।
- जिल्लाको सदरमुकाम, जोमसोम र मार्फा जस्ता ठाउँहरुमा प्राकृतिक मनोरम चिमाङ, छैरो, ठिनी–ढुम्बा जस्ता पर्यटकले अवलोकन गर्ने, सहभागी हुने गरी मनोरञ्जनात्मक खेल अर्थात स्थानीयवासीबाट देखाइने कार्यक्रमहरुको अभाव हुँदा पर्यटकको बसाई अवधि ज्यादै न्यून हुनु ।
- प्राप्त लाभको बाँडफाँड तथा श्रोत र साधनमा पहुँच र प्रभुत्व जमाउने गरी महिला, वालवालिका, विपन्न र पिछडिएको वर्गको यथोचित सहभागिता नहुनु ।

### १.२.३ अवसरहरू

- स्थानीय स्तरमा जनप्रतिनिधिहरूले स्थानीय स्तरको विकासमा स्रोत, साधन र पहुँचमा प्रत्यक्ष रूपमा सहभागि हुन पाउने अवसर मिलेको छ ।
- वन, जंगल, जडीवुडी, नदीनाला खोला, जैविक विविधता, भौगलीक सुन्दरता र मनोरम प्राकृतिक छटाहरूको संरक्षण र संर्वधन गर्दै संभाव्यताहरूको खोजी गर्ने अवसर मिलेको छ ।

- पवित्र कालीगण्डकीको संरक्षण र सम्वद्धन गर्दै धार्मिक पर्यटक र आन्तरिक र वाह्य पर्यटकहरूको आकर्षणको केन्द्र विन्दु वनाउन गरी कार्य प्रक्रिया अगाडी वढाउन सकिन्छ।
- मार्फा लाई स्याउको राजधानी, स्याङ, चिमाङ र छैरो लाई कृषिको पकेट क्षेत्रको रूपमा साथै ठिनी ढुम्वा र जोमसोमलाई आकर्षक पर्यटकको गन्तव्य थलोको रूपमा विकास गर्ने गराउने अवसर जुटेको छ।
- थकाली समाज लगायतका समुदायहरूको सांस्कृतिक, मौलिक, ऐतिहासिक, भाषिक पहिचानहरूको जर्गेना गर्दै सामाजिक सौहार्दता र पारस्पारिक स्नेहलाई अझै गाढा वनाई विकसित र पर्यटकिय अनुकरणीय गाउँको परिचायक वनाउन सकिने छ।
- खानी, जंगल र नदी नालाको उपयोग गर्दै साना र मझौला उधोगहरूको संरक्षण, प्रवर्द्धन र स्तरउन्नती गर्ने अवसर मिलेको छ।
- मुस्ताङ देखि म्याग्दी, पर्वत, वाग्लुङ्ग, पोखरा लगायत काठमान्डौ र सुनौली सम्म यातायातको सुविधा भएको हुँदा यसलाई सदुपयोग गरी प्रचार प्रसार मार्फत आन्तरिक पर्यटनको प्रवर्धन गर्न सकिनेछ, तथा स्थानीय उत्पादनको बजारीकरण मार्फत आर्थिक वृद्धिको आधार तय हुनेछ।
- घरपझोङ गाँउपालिकाको सडकको स्तरोन्नती गर्दै सडक यातायातमा सर्वसाधारणको पहुँच तथा सेवा वृद्धि गर्न सिटि यातायात संचालन गरी कार्यान्वयनमा ल्याउने वलियो संभावना रहेको छ।
- समग्र गाँउपालिकाको विकासको लागि आर्थिक, वातावरणिय, सामाजिक, साँस्कृतिक, व्यवस्थापकिय लक्ष्य र उद्देश्य किटान भएको योजनाको खाका कोरी विकासलाई गति दिने सुर्वण अवसर प्राप्त भएको छ।
- खाली रहेको सार्वजनिक जग्गाहरुको उपयोग गरि सामुदायिक स्याउ बगैचाको विकास गरि आयआर्जन गर्न सकिने छ।

### १.२.४ चुनौतीहरू

- परम्परावादी सोच, चिन्तन र संकृण विचारधारावाट माथि उठ्ने प्रकृयाको थालनी गर्नु।
- दिगो आर्थिक तथा सामाजिक विकास गर्नु।
- वढी भन्दा वढी पर्यटक भित्र्याई पर्यटकहरूको वसाईलाई लम्व्याउनु समग्र मुस्ताङको विकासमा टेवा पुग्ने गरि यातायातमा यथोचित सुधार गरि भरपर्दो, सुरक्षित र सुविधा युक्त यातयात सञ्चालनको विकास गर्नु।
- आयको असमानतालाई न्यूनिकरण गर्दै लैजानु।
- आय आर्जन, रोजगारी, कृषि र पर्यटन क्षेत्रको व्यापक रूपमा विकास र विस्तार गर्दै लैजानु।

- समन्यायिक वितरण र अवसरहरूमा पहुँच वढाउनु ।
- व्यवासायिक खेतीमा जोड दिई स्याऊ र कृषि खेतीको पकेट क्षेत्रहरूको विकास गर्दै लजानु ।
- उर्जा संकट हटाउँदै प्रकृतिको अनुपम सौन्दर्यको रूपमा रहेको यस घरपझोङ गाउँपालीकाको विकासमा प्राकृतिक स्रोत र साधनलाई वढी मात्रमा उपयोग गरि आयआर्जन वढाउनु ।
- आर्थीक, सामाजिक, पूर्वाधार र पर्यटनको सम्भाव्यताको खोजी गर्दै विकासको गती तिव्र पार्नु ।
- पर्यटनमा संलग्न संस्था र व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्नु तथा पर्यटकिय क्रियाकलापलाई विस्तार एवं विविधिकरण गर्नु ।

## १.३ वार्षिक निति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्वन गरिएको पद्धतिहरू

- योजना तर्जुमामा वस्तीस्तरको छलफल
- योजना तर्जुमामा वडा स्तरीय छलफल र योजना र आयोजनाको प्राथमिकिकरण
- राजश्व परामर्श समितिको गठन तथा सुझाव र राय संकलन
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठन
- बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन तथा विषयगत क्षेत्र हेर्ने गरी गाउँ कार्यपालिकाका सदस्यहरू ६ जनाको संयोजकत्वमा छुट्टा छुट्टै विषयगत क्षेत्रको जिम्मेवारी तोकी कार्य गरेको ।
- विषयगत निकायहरूसँग एकमुष्ट छलफल तथा शिक्षा, स्वास्थ्य र कृषि सम्बन्धी क्षेत्रमा छुट्टा छुट्टै छलफल गरी नीति, वजेट तथा कार्यक्रम तर्जुमा गरिएको ।

## १.४ आयोजना प्राथमिकिकरणका आधारहरू

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने
- उत्पादनमुलक र छिटो प्रतिफल दिने
- राजश्व परिचालनमा योगदान पुऱ्याउने
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने
- स्थानीय स्रोत साधनमा आधारित भई जन सहभागितामा अभिवृद्धि गर्ने
- लैङिगक समानता, सामाजिक समावेशिकरणको अभिवृद्धि हुने
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने
- समुदाय लाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल (RESILIENCE) वनाउने
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने

- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरू

## १.५ घरपभ्फोङ गाउँपालिकाका आ.व.२०७४/०७५ को नीति, बजेट तथा कार्यक्रमको विस्तृत विवरण

गाउँसभाबाट पारित भएका विभिन्न निर्णयहरु देहाय बमोजिम रहेका छन:

**निर्णय नं. १**

बजेट बक्तव्यमा उल्लेखित नीति, बजेट तथा कार्यक्रम स्वीकृत र अनुमोदिन गर्ने निर्णय गरियो ।

**"समावेशी, सामाजिक रुपान्तरण, प्रकृति संरक्षण र संस्कृति,**
**कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार घरपभ्फोङको सम्बृद्धि"**

### आर्थिक वर्ष २०७४/०७५ को नीति, बजेट तथा कार्यक्रम बजेट वक्तव्य

अध्यक्ष : घरपभ्फोङ गाउँपालिका अध्यक्ष श्री आश बहादुर थकालीज्यू,
प्रमुख अतिथिः माननीय व्यवस्थापिका सांसद एवं पुर्व वाणिज्य मन्त्रि श्री रोमि गौचन थकालीज्यू
विशिष्ट अतिथिः माननीय जिल्ला न्यायधीश श्री बलराम त्रिपाठीज्यू,
विशेष अतिथि प्रमुख जिल्ला अधिकारी श्री रामचन्द्र तिवारीज्यू,
विशेष अतिथि महासेनानी श्री सुनिल राज विष्टज्यू
विशेष अतिथि स्थानीय विकास अधिकारी श्री बन्धु प्रसाद बास्तोलाज्यू,

**अतिथि**

प्रमुख सेनानी श्री
प्रनाउ श्री हरिहरनाथ योगीज्यु
सशस्त्र प्रनाउ श्री देवराज जोशीज्यू
जननिर्वाचित गाउँसभाका सम्पूर्ण पदाधिकारीज्यूहरु
थासाङ, वाह्रगाँउ मुक्तिक्षेत्र, दालोमे र लोमान्थाङ गाउँपालिकाका अध्यक्षज्यूहरु
नेपाली काँग्रेस जिल्ला कावा अध्यक्ष श्री नर्वु गुरुङज्यू वा प्रतिनिधिज्यू,
नेकपा एमाले जिल्ला अध्यक्ष श्री चन्द्रमोहन गौचनज्यू वा प्रतिनिधिज्यू,
नेकपा माओवादी केन्द्र जिल्ला अध्यक्ष वा प्रतिनिधिज्यू,
राष्ट्रिय प्रजातन्त्र पाटी नेपालका जिल्ला अध्यक्षज्यू वा प्रतिनिधिज्यू
पूर्व सहायक मन्त्री श्री नरबहादुर हिराचनज्यू
पूर्व संविधान सभा सदस्य श्री चन्द्र बहादुर गुरुङज्यू
जिविस पूर्व सभापतिज्यूहरु,
जिविस पूर्व उपसभापतिज्यूहरु,
जिविस पूर्व सदस्यज्यूहरु,
उद्योग बाणिज्य संघका अध्यक्ष वा प्रतिनिधि
विषयगत कार्यालयका प्रमुखज्युहरु वा प्रतिनिधिज्यूहरु
प्राचार्यज्यू तथा प्रधानध्यापकज्यूहरु
नागरिक समाजका अगुवाज्यूहरु
गैसस महासंघ अध्यक्ष वा प्रतिनिधिज्यू,
गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु,
पत्रकार महासंघ अध्यक्षज्यू
वालसञ्जालका प्रमुख तथा बालक्लवका प्रमुख तथा प्रतिनिधिज्यूहरु,
युव क्लवका अध्यक्ष तथा प्रतिनिधिहरु ,

आमा तथा महिला समुहका अधयक्ष तथा प्रतिनिधिहरु
दलित समुहका अध्यक्ष वा प्रतिनिधिज्यू,
अपांग समाजका अध्यक्ष वा प्रतिनिधिज्यू,
उपस्थित सबै सञ्चारकर्मीज्यूहरु,
उपस्थित सम्पूर्ण महानुभावहरु

सर्वप्रथमत ! नेपालमा संघीय, लोकतान्त्रिक, गणतन्त्र नेपालको संविधान घोषणा भई जनताले सार्वभौम अधिकार मार्फत आफ्नो मतको उपयोग गरी हामीलाई जनप्रतिनिधिको रुपमा यस घरपझोङ गाउँपालिकामा चयन गरी कार्य गर्ने सुवर्ण अवसर प्रदान गर्नु भएकोमा स्थानीयबासीहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस अवसरमा विभिन्न आन्दोलनमा देश र जनताको लागि संघर्ष गर्दै जीवन वलिदान गर्ने ज्ञात अज्ञात सहिदढदहरु प्रति हार्दिक श्रादाञ्जली अर्पण गर्न चाहन्छु साथै राजनीतिक-सामाजिक परिवेशमा आफ्नो ज्यानको वाजी राखी संघर्ष गर्ने र नेतृत्व लिने सवै मान्यवर, अग्रज र आदरणीय व्यक्तित्वहरु प्रति आदारभाव सहित नमन प्रकट गर्न चाहन्छु ।

राजनीतिक क्षेत्रमा ज्यादै ठुलो छलाङ्ग मारी देशको संक्रमणकाललाई चिर्दै मुलुक राजनीतिक स्थिरता तर्फ उन्मुख भएकोमा म यहाँहरु सवैलाई वधाई टक्र्याउन चाहन्छु ।

नेपालको संविधान जारी भएसंगै स्थानीय तहमा संघीय लोकतान्त्रिक शासन प्रणलीको सुदृढीकरण भई पहिलो पटक स्थानीय तहको माग चाहाना र आवश्यकता वमोजिम आ.व. ०७४/७५ को नीति वजेट तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मैले ज्यादै गौरवको महसुस गरेको छु ।

स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भई जनताको हातमा स्थानीय तहको शासन प्रक्रिया अघि वढाउने, विकास र निर्माणमा जनताकै आवाज मुखरित र संगठित हुने वातावरण वनेको छ । सहभागितामुलक शासन प्रणाली, जनताको सार्वभौम अधिकारको प्रयोग, स्रोत र साधनमा पहुँच साथै प्रभुत्व वढेको छ । सामाजिक- राजनीतिक- आर्थिक-सांस्कृतिक रुपमा रुपान्तरण गर्ने स्थानीयवासीको सपना साकार गर्ने साझा शासनको थलो जनताले पाएका छन् । हाम्रा अवसरहरुको सदुपयोग गर्दै विकासका मुल फुटाउन आत्म निर्भर, स्वस्थ्य र प्रतिस्पर्धात्मक गाउँपालिकाको निमार्ण गर्ने यो प्रस्थान विन्दु तय भएको हामीले महसुस गरेका छौ ।

हाम्रा प्रयासहरु स्थानीय तहको दिगो विकास प्राकृतिक सम्पदाको जगेर्ना, स्रोत र साधनको न्याय पूर्ण वितरण, सवै वर्ग र क्षेत्रको विकासमा समानता एवं समतामूलक प्रतिनिधित्व, दलित, अल्पसंख्यक, पिछडिएको वर्ग, महिला, वालवालिका, अपाङ्ग, अशक्त ज्येष्ठ नागरिकहरुको संस्थागत विकासमा प्रत्यक्ष सहभागिता जनाउने नौलो विहानीको थालनी गर्ने तर्फ निर्देशित हुनेछ । यस अवसरमा हामिले यस गाउँपालिकाको वस्ति र वडाका आवश्यकता तथा माग बमोजिम कृषि, पर्यटन, पुर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक, सांस्कृतिक लगायत सर्वाङिण विकास गर्न उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गर्दै विकासको सम्भावनालाई उजागर गर्ने तर्फ केन्द्रित हुनेछौ ।

विकासका क्रियाकलापहरुमा यहाँहरु सवै स्थानीयवासी र जनप्रतिनिधिहरु वाट सहयोग, समन्वय, विश्वास, सद्भाव र सौहार्दपूर्ण वातावरण प्राप्त हुनेछ भन्ने विश्वास लिएका छौं ।

**अध्यक्ष महोदय,**

अब म घरपझोङ गाउँपालिकाको आगामी सोच, लक्ष्य, र उद्देश्य प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**हाम्रो घरपझोङ गाउँपालिकाको सोचः** आर्थिक रुपमा सवल, सामाजिक रुपमा एक्यवद्ध, सास्कृतिक रुपमा मौलिक, गन्तव्य किटान भएको सुन्दर समृद्ध पर्यटकीय गाउँपालिका बनाउने रहेको छ । त्यसैगरी **हाम्रो लक्ष्यः** आन्तरिक आयको वृद्धि गर्दै मानविय तथा भौतिक विकासका पक्षमा ध्यान दिई आर्थिक विकासको आधार तय गर्ने तर्फ केन्द्रित हुनेछ । र हाम्रो

**उद्देश्यः** समावेशी विकास दलित, पिछडिएको वर्ग, अल्पसंख्यक, जातजाती क्षेत्रहरुको सवै पक्षमा अर्थपूर्ण सहभागिता स्रोत र साधनको न्यायोचित वितरण सहित दिगो विकास मार्फत सामाजिक रुपान्तरणमा जोड दिनु रहेको छ ।

**अध्यक्ष महोदय,**

हाम्रो गाउँपालिकामा विकासका लागि प्रसस्त संभाव्यता बोकेको बन, जंगल, जडिबुटि, नदिनाला, जैविक विविधता, प्राकृतिक सुन्दरता भएकाले आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षित गरी आयआर्जन, रोजगारी बढाउन सकिने छ । साथै डायस्पोरा अर्थात विदेशमा गई बसेका स्थानीयबासीहरुको सहयोगमा अन्तर्राष्ट्रिय स्तरमा यस क्षेत्रमा पर्यटन उद्योगको प्रर्वधन गर्न सकिनेछ जस्तै once is not enough to visit Marpha and Jomsom जस्ता नारालाई सार्थक बनाउन सकिनेछ ।

यस गाउँपालिकालाई कृषि वाली अन्तर्गत आलु तथा फलफुल बाली अन्तर्गत स्याउको पकेट क्षेत्रको रुपमा विकास गर्ने र पर्यटन उद्योगलाई सुरक्षित, भरपर्दो र गुणस्तरीय बनाउन सकिनेछ ।

उल्लेखित यस गाउँपालिकाको संभावनालाई बहुउपयोग गरी भौतिक पुर्वाधारको विकास, यातायातमा यथोचित सुधार तथा सामाजिक सांस्कृतिक मौलिक कला संस्कृतिको एवं ऐतिहासिक पुरातात्विक सम्पदाको संरक्षण, सुधार र विकास गर्नुपर्नेछ ।

साथै, विद्यमान होटल, लज, रेष्टुराबाट दिईने सेवा सुविधाहरु पर्यटकहरुको माग र चाहना बमोजिम गुणस्तरीय, स्वच्छ र भरपर्दो बनाउन पहल गर्नुपर्नेछ ।

कृषि बालीलाई व्यवसायिकरण, आधुनिकीकरण, विविधिकरण र बजारिकरण गरी निर्यात प्रवर्धन गर्नमा जोड दिनु पर्नेछ ।

**अध्यक्ष महोदय,**

अब आगामी आर्थिक वर्ष २०७४/०७५ को घरपझोङ गाउँपालिकाले अवलम्बल गर्ने नीतिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(क) आर्थिक विकास (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र) तर्फ**

१) सडक, भवन, कुलो, ढल, धारा, पानीको मुल, मेशिनरी औजार, सवारी साधन मर्मत संभार तथा संरक्षण, संर्वधन र उपयोग गर्न मर्मत संभार कोषको व्यवस्था गरिनेछ ।

२) कृषिजन्य वस्तुको प्रवर्धन, प्रशोधन, विविधिकरण र बजारीकरणको व्यवस्था मिलाईने छ ।

३) पशुवधशाला र शित भण्डारणको व्यवस्थापनलाई प्रभावकारी तवरले कार्यान्वयन गरिने छ । साथै कृषि र सहकारीको विकास र प्रर्वधनमा टेवा पुऱ्याउन ताजा तरकारी, फलफुल संकलन केन्द्र तथा कोल्ड स्टोर निर्माणमा जोड दिइने छ ।

४) उपभोक्ता हक हितका लागि खाद्य सुरक्षा सम्बन्धी जनचेतानामूलक अभियान कार्यक्रमलाई अघि बढाई अनुगमन, मूल्यांकनलाई प्रभावकारी वनाइनेछ ।

५) स्याउ बगैंचाको संरक्षण, संर्वधन र विस्तारमा जोड दिइनेछ ।

६) जोमसोम भोताघाङलाई पर्यटकीय आर्कषण केन्द्रका रुपमा विकास गर्न त्यसको वरीपरी प्राकृतिक स्वरुपमा ह्रास नआउने गरी आर्कषक ग्रिल वे वाल निर्माण गरिने कार्यको थालनी गरिने छ ।

७) ग्रामीण पर्यटन विकासको अवधारणालाई अघि बढाउन होमस्टे र वैकल्पिक पर्यटकीय पदमार्गको विकासमा जोड दिइनेछ ।

८) आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षक अध्ययन केन्द्रको रुपमा विकास गर्न यस गाउँपालिकाको वडा नं ४ हाल धौलागिरी आवासिय विद्यालयको उत्तरपट्टि वधशाला सगैको खाली स्थानमा ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक नमुनायुक्त मिनि मुस्ताङको संरचना निर्माण कार्यलाई अगाडि बढाईनेछ ।

**(ख) सामाजिक विकास, (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सस्कृतिक प्रर्वधन, लैंङ्गिक समानता तथा समाजिक समावेशीकरण) तर्फ**

१) गुणस्तरीय, स्वच्छ प्रतिस्पर्धात्मक अध्ययन अध्यापन प्रणालीलाई प्रर्वधन गर्न उत्कृष्ट विद्यालय र शिक्षकलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिनेछ । साथै गरिविको रेखामुनि रहेका विपन्न,

दलित पिछडिएका तथा जेहेन्दार छात्र-छात्राहरुलाई औपचारिक शिक्षाबाट वञ्चित हुन नदिन आवश्यक कोषको व्यवस्था गरिनेछ ।

२) विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रका शिक्षकहरुको पारिश्रमिकमा मासिक थप सुविधा उपलब्ध गराइनेछ ।

३) विपतको जोखिममा परेको चिमाङ निलगिरी प्रा.वि.को पुन निर्माण कार्य तथा एयरपोर्ट स्थित नमूना आधारभूत विद्यालय ध्वनी प्रदुषणबाट प्रभावित भएकोले स्थानान्तरणको कार्य अघि बढाईनेछ ।

४) अशक्त, अपाङ्ग, हिँसा पिडित महिला, वालवालिका, वेवारिसे र सडकमा अलपत्र परेका व्यक्तिहरुलाई तत्काल उद्दार र पुनःस्थापना गर्नका लागि महिला, बालवालिका अपाङ्ग कोषको व्यवस्था गरिनेछ ।

५) बाल उद्यानहरुको निर्माण र स्तरोन्नती गर्दै लगिनेछ । त्यसैगरी सुन्दर वनस्पति उद्यानको संरक्षण र सम्बर्धन तथा निर्माणमा प्रोत्साहन गरिनेछ ।

६) आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, वालवालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी  सामाजिक र आर्थिक उत्थान सम्बन्धी कार्यलाई अघि बढाइनेछ ।

७) घरपझोङ गाँउपालिका क्षेत्र भित्र विकासका योजना तथा कार्यक्रमहरु तर्जुमा कार्यान्वयन गर्दा बालमैत्री स्थानीय शासन अनुरुप गर्ने व्यवस्था मिलाउन सबै सरोकारवालाहरुलाई निर्देशन दिने तथा गाँउपालिकालाई वालमैत्री गाँउपालिका बनाउन सबै सम्बद्ध निकायसँग समन्वय र सहकार्य गर्ने कार्य अघि बढाइनेछ ।

८) ऐतिहाँसिक पुरातात्विक धरोहरहरुको संरक्षण गर्ने उद्देश्यले परम्परागत रुपमा निर्मित काठेपुलहरुको संरक्षण र संर्वधन गर्दै लगिनेछ ।

९) परम्परागत महत्व राख्ने ताराखेललाई सम्मानित, मर्यादित र पहिचानमूलक बनाउदै यस खेलको संरक्षण, सर्म्बधन र प्रर्वधन तथा तारा खेल स्थलको निर्माण र व्यवस्थापनमा जोड दिइनेछ ।

१०) घरपझोङ गाँउपालिकाभित्रका जेष्ठ नागरिक, अपांग, एकल महिलाहरुको लागि मुस्ताङ जिल्ला अस्पतालमा निशुल्क तथा पूर्ण स्वास्थ्य उपचार,औषधि व्यवस्थापनमा अनुदान उपलब्ध गराइनुका साथै विपन्न विरामी सहायता कोषको व्यवस्था मिलाइनेछ ।

११) स्वास्थ्य चौकीहरुमा वर्थिङ्ग सेन्टरको लागि आवश्यक सामाग्रीहरुको खरिद र स्वास्थ्य चौकी तथा जिल्ला अस्पतालको व्यवस्थापनमा अनुदान उपलब्ध गराइनेछ ।

१२) स्वास्थ्य लगायत अन्य क्षेत्रका राष्ट्रिय अन्तर्राष्ट्रिय दिवस मनाउने व्यवस्था मिलाईनेछ । साथै कुष्टरोग तथा HIV Aids सम्बन्धी जनचेतनामूलक कार्यक्रम गरिनेछ ।

१३) महिला शसक्तिकरण, सामाजिक समावेशीकरणमा जोड दिई महिलाको क्षमता विकासका कार्यक्रमहरु लागु गर्दै लगिनेछ ।

१४) दलित युवा युवतीलाई सुचना तथा सञ्चारमा पहुँच वृद्धि गर्न सीपमुलक तालिमको शुरुवात गरिनेछ ।

१५) घरपझोङ गाउपालिकालाई Home Delivery Free अभियानको रुपमा अगाडि बढाई सुत्केरी प्रोत्साहन खर्चको व्यवस्था गरिने छ । साथै अर्धवार्षिक रुपमा स्वास्थ्य कार्यक्रमको समिक्षा गर्ने, प्रतिवेदन गर्ने, तथ्यांक दुरुस्त राख्ने जस्ता कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**(ग) पुर्वाधार विकास (सडक तथा पुल भवन) तर्फ**

१) गाँउपालिको स्वामित्वमा रहेको घर र जग्गाबाट गाउँपालिकाको आन्तरिक श्रोत बढाउन निर्माण र मर्मत संभारको कार्य यसै वर्ष थालनी गरिनेछ ।

२) भ्यूटावरलाई आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न रेलिङ्ग सहितको सिंढि राखी सुविधायुक्त र आकर्षित बनाउन Detail Project Report  तयार गरी निर्माण कार्यप्रकृया अगाडी बढाइनेछ ।

३) घरपफ्कोङ गाँउपालिको मुल सडकमा पर्ने सिमानामा गाउँपालिकाको पहिचान स्वरुप आकर्षक स्वागतद्वारा निर्माण गरिनेछ ।
४) भग्नावेशमा परिणत हुन गएको ऐतिहासिक घरपफ्कोङ किल्ला संरक्षण एवं संर्वधनको कार्य अघि बढाइनेछ ।
५) जोमसोम–ठिनी–ढुम्बा सडकको स्तरोन्नती र छैरो चिमाङ तथा धमाङ याकखर्क जाने मोटरबाटो मर्मत सुधारको कार्यलाई अघि बढाइनेछ ।
६) सवारी साधनहरुको पार्किङ स्थल तथा बसपार्कलाई व्यवस्थित गर्दै लगिनेछ साथै पुथाङ एयरपोर्टमा सवारी साधनको पार्किङ स्थल निर्माण गरिनेछ ।
७) मुस्ताङ जिल्लाको एक मात्र क्याम्पस जनहित बहुमुखी क्याम्पसको भौतिक पूर्वाधार निमार्णका लागि प्रोत्साहन सहयोग दिइनेछ ।
८) गाँउवस्ती सडक उज्यालो कार्यक्रम तथा सडक बत्ति विस्तार कार्यक्रमलाई मर्मत संभार सहित निरन्तरता दिइनेछ ।

**(घ) वातावरण तथा विपत व्यवस्थापन (वन तथा भू-संरक्षण, जलवायु परिवर्तन, फोहर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपत व्यवस्थापन) तर्फ**

१) कालीगण्डकी नदी किनारामा वृक्षारोपणको कार्य अघि बढाउन प्रोत्साहित गरिनेछ ।
२) विपद्मा परेका परिवारलाई पूर्ण तथा आंशिक क्षति भएका प्रति घर परिवारलाई तत्काल राहत स्वरुप निश्चित रकम विपद् व्यवस्थान कोषबाट सहयोग स्वरुप उपलब्ध गराईनेछ ।
३) गाँउपालिकामा आकस्मिक घट्न सक्ने घटनाहरुको उचित व्यवस्थापन गर्ने कार्यका लागि आकस्मिक कोषको व्यवस्था गरिनेछ ।
४) यस गाँउपालिकाको ३ वटा वडालाई यहि आर्थिक वर्ष भित्र र अन्य २ वटा वडालाई अर्को आ.व. मा पूर्ण सरसफाई युक्त वडा घोषणा गर्न सरसफाई समपूरक कोषको व्यवस्था गरिनेछ ।
५) वातावरणमैत्री कृयाकलाप, सरसफाई ढल निकास र वृक्षारोपण कार्यलाई अघि बढाइनेछ ।
६) पर्यटकलाई आर्कषित गर्न ढुम्बा तालको सौन्दर्यकीकरण बढाई ताल संरक्षण तथा पानीको यथोचित प्रवन्ध गर्दै ताल वरपर वृक्षारोपण र बस्नको लागि परम्परागत कलात्मक काठ र ढुङ्गाबाट बनेका नमुना बेन्च, कुर्ची मुडाहरु बनाई व्यवस्थित रुपमा सञ्चालनमा ल्याइनेछ ।
७) पर्यटकीय आर्कषण बढाउने तथा वस्तीको सौन्दर्यता बढाइ वातावरण मैत्री गाँउ निर्माणमा टेवा पुऱ्याउने उद्देश्यले जोमसोम वाल उद्यान सँगैको खाली जग्गामा सुन्दर पार्क निर्माण गरिनेछ ।
८) कालीगण्डकी नदीबाट हुने जोखिम न्यूनिकरण, बस्ती तथा गाँउ संरक्षण र भूसंरक्षण गर्ने कार्य अघि बढाइनेछ ।
९) वस्ती नजिक रहेका खोला तथा भलपानीको जोखिम नियन्त्रण गर्दै गाँउ बस्ती संरक्षण गर्ने कार्य अघि बढाइनेछ ।

**(ङ) संस्थागत विकास तथा सेवा प्रवाह**

१) गाँउपालिका अर्न्तगतका जोमसोम र मार्फा वडा कार्यालयको मर्मत संभार र अन्य ३ वटा वडा कार्यालयको नयाँ भवन निर्माण गर्न रकम विनियोजन गरिनेछ ।
२) स्थानीय तहको आर्थिक ऐन तथा विनियोजन ऐन स्वीकृत गरी कार्यान्वयनमा ल्याईनेछ । साथै गाँउ कार्यपालिकाको कार्यविभाजन र कार्य सम्पादन सम्बन्धी व्यवस्था गाँउकार्यपालिकाले स्वीकृत गरेको नियमावली वमोजिम हुनेछ ।

३) पर्यटन, कृषि, सिँचाई, सडक जस्ता केही आयोजनाहरु ज्यादै महत्वपूर्ण भएको तर हालको विनियोजित रकमबाट कार्य सम्पन्न गर्न सम्भव नहुने देखिएको हुँदा त्यस्ता आयोजनाहरुको Detail Project Report तयार गरी आगामी दिनहरुमा महत्वका साथ अघि बढाइने नीति लिइनेछ ।

**(च) वित्तिय व्यवस्थापन र सुशासन**

१) गाँउपालिकाको राजश्वका स्रोत र दायरालाई फराकिलो पार्न, प्राकृतिक स्रोतको पहिचान, संरक्षण, संर्वधन र उपयोग गर्न, गाँउपालिकाको गुरुयोजना तयार गर्न र आवश्यक कानुन निर्माण गर्न सम्बन्धित विषयका विज्ञहरुबाट परामर्श सेवा लिई सम्भाव्यता अध्ययन गरिनेछ ।
२) आन्तरिक श्रोतको दायरा फराकिलो पार्दै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही गाँउकार्यपालिकाबाट अनुमोदन भई स्वीकृती प्राप्त भएको कर, शुल्क, दस्तुर, जरिवाना असुल गर्ने कार्य कडाइकासाथ लागु गरिनेछ ।

**अध्यक्ष महोदय,**
अब म आगामी आ.व.२०७४/०७५ को लागि प्रस्तावित आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु । यस घरपझोङ गाउँपालिकाको आगामी आ.व. २०७४/०७५ मा उल्लेखित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आय तर्फ जम्मा रु.१८ करोड, ९ लाख २७ हजार ५०० विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु तर्फ रु. २ करोड ४२ लाख, ७७ हजार र चालु खर्च सशर्त तर्फ रु. ६ करोड ४२ लाख, ५४ हजार रहेको छ । पुजीगत खर्च तर्फ ९ करोड, २३ लाख ९६ हजार ५०० रहेको छ । आगामी आ.व. २०७४/०७५ का लागि खर्च व्यहोर्ने श्रोत तर्फ आन्तरिक राजश्वबाट रु. ५२ लाख ७६ हजार ५००, राजश्व वांडफांड (पर्वतारोहण रोयल्टी, विद्युत रोयल्टी र पर्यटन रोयल्टी) बाट रु. ६६ लाख र नेपाल सरकार वित्तिय समानीकरण अनुदान तर्फ १० करोड, यस चालु आवको वचत ४८ लाख, शसर्त अनुदान रु ६ करोड ४२ लाख ५४ हजार गरी जम्मा १८ करोड ९ लाख २७ हजार ५०० रहेको छ ।

**क्षेत्रगत विकास तर्फ,**

**आर्थिक विकासमा** कूल १ करोड ७० लाख ५० हजार, **वातावरण तथा विपद् व्यवस्थापनमा**, ८८ लाख ५० हजार, **पुर्वाधार विकासमा** ५ करोड ७ लाख ५० हजार, **सामाजिक विकासमा** ८१ लाख ३४ हजार, **संस्थागत विकास तथा सेवा प्रवाहमा** ७६ लाख १२ हजार ५०० विनियोजन गरिएको छ ।
अन्तमा, यस आ.व. २०७४ ७५ को नीति, वजेट तथा कार्यक्रमको तर्जुमा प्रक्रियामा सहयोग पुर्याउनु हुने यस गाउँपालिकाका कार्यकारी अधिकृत लगायत अन्य कर्मचारीहरु, सरकारी कार्यालयका प्रमुख ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, गैर सरकारी संस्थाका प्रमुख प्रतिनिधिज्यूहरु, पूर्व मन्त्रिज्यूहरु, सांसदज्यूहरु, नागरिक समाजका अगुवाज्यूहरु र सम्पूर्ण गाउँपालीकाबासी दाजु भाई तथा दिदि वहिनीहरुलाई धन्यवाद ज्ञापन गर्दै यस गाउँसभामा पाल्नु हुने सम्पूर्ण अतिथि गणहरुलाई धन्यवाद दिदै गाउँवासीका चाहाना र आवश्यकताहरुलाई यस वर्षको नीति वजेट तथा कार्यक्रमले केहि हद् सम्म भएपनि समेट्ने छ भन्ने आशा र विश्वास राख्दै मेरो नीति, वजेट तथा कार्यक्रमको मन्तव्य विट मार्न चाहन्छु । धन्यवाद !
२०७४ साल आषाढ २९ गते ।

उपाध्यक्ष
सर्मिला गुरुङ्ग

घरपझोङ गाउँपालीका
जोमसोम, मुस्ताङ्ग ।

**निर्णय नं. २**

सहभागितामूलक योजना प्रक्रियाबाट आ.व.२०७४/०७५ को लागि समुदायस्तर, वडास्तरको राजस्व परामर्श समिति, कूल बजेट स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समिति र विषयगत समितिहरु लगायत ६ वटा क्षेत्र हेर्ने समितिहरुमा व्यापक छलफल पश्चात विभिन्न समूहमा समूहकृत भई कार्यपालिका बैठकबाट स्वीकृत भई आएका नीति बजेट तथा कार्यक्रम यस गाउँसभाबाट स्वीकृत र अनुमोदन गर्ने निर्णय गरियो ।

**आर्थिक विकास कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी, वित्तिय क्षेत्र** रू हजारमा

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | ताजा तरकारी फलफुल संकलन केन्द्र तथा कोल्ड स्टोर निर्माण | घरपझोङ 5 | | १००० | | १००० | | | | |
| २ | जोमसोम ठिनि खेतबारी संरक्षण तार जालि लगाउने | घरपझोङ 5 | | २५०० | | २५०० | | | | 250 |
| ३ | भ्यूटावर रेलिङ सहितको बाटो सिढि हाल्ने साथै डिपिआर | घरपझोङ 4 | | २००० | १००० | १००० | | | | 150 |
| ४ | भोतोघाङ ग्रिल वे निर्माण तथा संरक्षण | घरपझोङ 4 | | २००० | | २००० | | | | 200 |
| ५ | दलित समुह बाख्रापालन कार्यक्रम स्याङ | घरपझोङ 3 | | १०० | | १०० | | | | |
| ६ | स्याउ बगैचा संरक्षण | घरपझोङ 1 | | १५०० | | १५०० | | | | 150 |
| ७ | होम स्टे व्यवस्थापन | घरपझोङ 1 | | ५०० | ४०० | १०० | | | | |
| ८ | बैकल्पिक पदमार्ग | घरपझोङ 1 | | १००० | | १००० | | | | 100 |
| ९ | गुफा जाने बाटो निर्माण | घरपझोङ 3 | | ५०० | ४०० | १०० | | | | 50 |
| १० | ठिनीमा होम स्टे संबन्धी आधारभुत तालिम | घरपझोङ 5 | | १०० | | १०० | | | | |
| ११ | हेल्थपोष्टमा अत्यावश्यक सामग्री SPO २ मेशिन र डेलिभरी ट्रली खरिद | घरपझोङ २ | | २०० | | २०० | | | | |
| १२ | दलित आमा समूहको लागि बसाई व्यवस्थापन फर्निचर | घरपझोङ २ | | ५० | | ५० | | | | |
| १३ | काली गण्डकी तटबन्ध (सामाग्री) | घरपझोङ २ | | ५०० | | ५०० | | | | 50 |
| १४ | पूँजिगत अनुसन्धान तथा परामर्श | | | ५००० | | ५००० | | | | |
| १५ | खाद्य सुरक्षा कार्यक्रम | | | १०० | | १०० | | | | |
| | | | | १७०५० | १८०० | १५२५० | | | | 950 |

**सामाजिक विकास**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ठिनी गाउमा खेल मैदान, बाल उद्धान तथा जेष्ठ नागरिक दिवा सेवा केन्द्र | घरपझोङ ५ | | १५०० | | १५०० | | | | १५० |
| २ | ठिनी स्वास्थ्य चौकीमा वर्थिङ सेन्टरको लागि सामान खरिद | घरपझोङ ५ | | १०० | | १०० | | | | |
| ३ | घरपझोङ किल्ला संरक्षण DPR निर्माण | घरपझोङ ५ | | ५०० | | ५०० | | | | ५० |
| ४ | काठेपुल मर्मत तथा पुरा तात्विक धरोहर संरक्षण | घरपझोङ ४ | | २०० | | २०० | | | | २० |
| ५ | मुस्ताङ सामुदायिक दन्त उपचार केन्द्रलाई सहयोग | घरपझोङ ४ | | ३०० | | ३०० | | | | |
| ६ | आदिवासी, जनजाती, दलित, अपाङ्ग महिलालाई सशक्तिकरण तालिम | घरपझोङ १ | | १०० | | १०० | | | | |
| ७ | लेफोदेखी निम्युङ खा=पा= टंकीमा पानी मिसाउने | घरपझोङ ३ | | ५०० | | ५०० | | | | ५० |
| ८ | विधार्थी छात्रवृत्ति कोष स्थापना (दलित, विपन्न, जेहेन्दार) | | | ५०० | ५०० | | | | | |
| ९ | Free Home Delivery गाउपालिका अभियान | | | १०० | | १०० | | | | |
| १० | HIV/AIDS र कुष्ठरोगको जनचेतनामूलक कार्यक्रम | | | १०० | १०० | | | | | |
| ११ | अर्धवार्षिक स्वास्थ्य कार्यक्रम प्रगति समिक्षा | | | १०० | | १०० | | | | |
| १२ | सुत्केरी प्रोत्साहन खर्च | | | १०० | | १०० | | | | |
| १३ | गाउपालिका स्वास्थ्य प्रगति प्रतिवेदन | | | ५० | | ५० | | | | |
| १४ | Leopard cave संरक्षण | घरपझोङ ५ | | २०० | | २०० | | | | |
| १५ | वालविकास केन्द्रका शिक्षकलाई थप सुविधा मासिक रू २०००।०० का दरले ९ जना | | | २३४ | | २३४ | | | | |
| १६ | महिलाहरूलाई भ्रमण कार्यक्रम क्षमता विकास आय आर्जन सिपमुलक तालिम | घरपझोङ १ देखि ५ | | १२०० | | १२०० | | | | |
| १७ | अपा□गता भएका व्यक्तिहरूको जिविकोपार्जनका लागि बाख्रापालन | घरपझोङ ३ | | १०० | | १०० | | | | |
| १८ | पुथाङ सामादायिक भवनमा महिला पुरूष अलग अलग शौचालय निर्माण | घरपझोङ ३ | | १००० | | १००० | | | | १०० |
| १९ | दलित युवा युवतीलाई तालिम | घरपझोङ ५ | | १५० | | १५० | | | | |
| २० | तारा खेल मैदान निर्माण | घरपझोङ ३ | | १००० | ६०० | ४०० | | | | १०० |
| २१ | राष्ट्रिय□अन्तरराष्ट्रिय दिवस | घरपझोङ ५ | | १०० | | १०० | | | | |
| | | | | ८१३४ | १२०० | ६९३४ | | | | ४७० |

**पुर्वाधार विकास**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जोमसोम ठिनी ढुम्वा सडक स्तरोन्नती | घरपझोङ ५ | | ३००० | | ३००० | | | | 300 |
| २ | साविक ६ नं को अधुरो सिंचाइ कुलो तथा ढल मर्मत | घरपझोङ ४ | | ३०० | | ३०० | | | | 30 |
| `३ | बधशालादेखी जनहित वहुमुखी क्याम्पस सीमाना सम्मको खाली जग्गामा नमुना मिनी मुस्ताङ निर्माणको DPR | घरपझोङ ४ | | ७०० | | ७०० | | | | |
| ४ | मोटर बाटो मर्मत छैरो, चिमाङ | घरपझोङ - १ | | १६०० | | १६०० | | | | 160 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | छैरो आमा समूह भवनदेखि चोखोपानी सम्म ट्याक्टर बाटो निर्माण | | | ५०० | | ५०० | | | | 50 |
| ६ | दलित समूह भवन निर्माण छैरो | घरपभोड - १ | | १००० | | १००० | | | | 100 |
| ७ | खेल मैदान निर्माण | घरपभोड - २ | | १००० | | १००० | | | | 100 |
| ८ | मार्फा आमा समूह भवन किचन र स्टोर निर्माण | घरपभोड - २ | | ५०० | | ५०० | | | | 50 |
| ९ | मार्फा वस्ती पछाडी ढल निकास र वृक्षारोपण (डिपिआर र निर्माण) | घरपभोड - २ | | १००० | | १००० | | | | 50 |
| १० | कुटानी पिसानीको मिल | घरपभोड - ३ | | १००० | | १००० | | | | 100 |
| ११ | पुथाङमा ५ वटा सटर सहित पार्किङ स्थल निर्माण | घरपभोड - ३ | | ५००० | | ५००० | | | | 500 |
| १२ | स्वागत द्धार निर्माण २ वटा | घरपभोड - २ ,४ | | २००० | | २००० | | | | |
| १३ | चिमाङ दलित भवनमा फर्निचर | घरपभोड - १ | | ५० | | ५० | | | | 5 |
| १४ | विभिन्न कोषहरु | | | | | | | | | |
| | सरसफाई समपुरक कोष | | | ५०० | | ५०० | | | | |
| | विपद व्यवस्थापन कोष | | | ५०० | | ५०० | | | | |
| | मर्मत संभार कोष | | | १९०० | | १९०० | | | | |
| | महिला वालपालिका,अपा□ उद्धार कोष | | | २०० | | २०० | | | | |
| | आकस्मिक कोष | | | ५०० | | ५०० | | | | |
| | वातावरण व्यवस्थापन कोष | | | ५०० | | ५०० | | | | |
| | छात्रवृत्ति कोष | | | ५०० | | ५०० | | | | |
| | जेष्ठ नागरीक,एकल महिला,पूर्ण अपा□ स्वास्थ्य उपचार, विपन्न विरामी सहायता र औषधि व्यवस्थापन कोष | | | ७०० | | ७०० | | | | |
| | उत्कृष्ट विद्यालय प्रोत्साहन पुस्कार | | | १०० | | १०० | | | | |
| | वाल विकास केन्द्र खाजा व्यवस्थापन | | | २०० | | २०० | | | | |
| १५ | जनहित बहुमुखी क्याम्पस भौतिक पूर्वाधार सहयोग | घरपभोड - ४ | | ५०० | | ५०० | | | | 50 |
| १६ | दलित वर्गको भवनमा हट रुम निर्माण | घरपभोड - ४ | | ५०० | | ५०० | | | | 50 |
| १७ | चि खेल मैदान जाने मोटर बाटो निर्माण | घरपभोड - २ | | ५०० | | ५०० | | | | 50 |
| १८ | पुरानो तारा खेल मैदान मर्मत / बाटोमा छपनी छाप्ने | घरपभोड - २ | | ५०० | | ५०० | | | | 50 |
| १९ | मार्फा माथि स्याउ जुस वनाउने ठाउमा छाना छाउने | घरपभोड - २ | | ५०० | | ५०० | | | | 50 |
| २० | सिंचाई छैरो | घरपभोड - १ | | ५०० | | ५०० | | | | 50 |
| २१ | धमाङ याक खर्क जाने मोटरबाटो निर्माण | घरपभोड - २ | | १००० | | १००० | | | | 100 |
| २२ | सिक्यु सिंचाईलाई कृषि फाराम सम्म विस्तार गर्ने | घरपभोड - २ | | ५०० | | ५०० | | | | 50 |
| २३ | बसपार्क व्यवस्थापन गर्ने | घरपभोड - २ | | ५०० | | ५०० | | | | 50 |
| २४ | वडा कार्यालय भवन निर्माण ( ठिनी, स्याङ, छैरो) | घरपभोड १,३,५ | | १२००० | | १२००० | | | | |
| २५ | खानेपानी बसेको कार्यालय भवन निर्माण | घरपभोड ४ | | १०००० | | १०००० | | | | |
| २६ | एअरपोर्ट भवन मर्मत | घरपभोड ३ | | ५०० | | ५०० | | | | |

**वातावरण तथा विपद व्यवस्थापन**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ढुम्वा तालको संरक्षण तथा सौन्दर्यकीकरण वृद्धि गरी तालको संरक्षण | घरपभोड ५ | | २५०० | | २५०० | | | | 250 |
| २ | वाल उद्यानहरूको स्तरोन्नति | घरपभोड ४ | | ५०० | ४०० | १०० | | | | 50 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | फोहोर मैला संकलन केद्र (कालीगण्डकी पारी २ र वारी १ स्थानं | घरपफोङ ४ | | ६०० | ४०० | २०० | | | | 60 |
| ४ | जोमसोम वाल उद्यानसंगै गाउपालिका र जनहित अगाडिको खाली जग्गामा पार्क निर्माण | घरपफोङ ४ | | २००० | २००० | | | | | 200 |
| ५ | काली गण्डकी नदी नियन्त्रण RCC | घरपफोङ ४ | | ८०० | ८०० | | | | | 80 |
| ६ | स्याङ वस्तीमा ड्रेन निर्माण गरी भलपानी नियन्त्रण | घरपफोङ ३ | | १००० | | १००० | | | | 100 |
| ७ | बधशाला पानी वत्ति,शौचालय फोहोर विसर्जन | घरपफोङ ४ | | १००० | | १००० | | | | 100 |
| ८ | सवै वडामा सडक बत्ति मर्मत तथा नयां जडान मर्मत प्रत्येक वडा रू ५०००० र नयां जडान सम्ले र ढुम्वा १००००० | | | ३५० | | ३५० | | | | |
| ९ | काठेपुल नजिक भुकम्पले क्षति गरेको ठाउमा पानी निकास | घरपफोङ ४ | | १०० | | १०० | | | | 10 |

**संस्थागत विकास तथा सेवा प्रवाह**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | फर्निचर | | | १०२० | | १०२० | | | | |
| २ | सवारी साधन मोटरसाईल ४ पिक अप भ्यान १ | | | ५००० | ४००० | १००० | | | | |
| ३ | मेशिनरी औजार□सोलार | | | १००० | | १००० | | | | |
| ४ | सार्वजनिक सुनुवाई कार्यक्रम | | | २५० | | २५० | | | | |
| ५ | ५ वटै वडामा सुचना प्रविधि (फोन फ्याक्स ईन्टरनेट इन्ट्रानेटवर्किङ विद्युतिय सुचना प्रणालीको स्थापना) | | | ३४२।५ | | ३४२।५ | | | | |
| | | | | **७६१३** | ४००० | **३६१२।५** | | | | |

**समग्रमा क्षेत्रगत विषयमा विनियोजित रकम**

| विषय | जम्मा | आन्तरिक | सरकार | जनसहभागिता |
|---|---|---|---|---|
| आर्थिक | १७०५० | १८०० | १५२५० | ९५० |
| सामाजिक | ८१३४ | १२०० | ६९३४ | ४७० |
| पूर्वाधार | ५०७५० | ० | ५०७५० | १९४५ |
| वातावरण | ८८५० | ३६०० | ५२५० | ८५० |
| संस्थागत | ७६१२।५ | ४००० | ३६१२।५ | |
| विषयगत वजेट | ९२३९६।५ | १०६०० | ८१७९६।५ | |
| चालु | ८८५३१ | १२७७ | ८७२५४ | |
| जम्मा व्यय | १८०९२७।५ | ११८७७ | १६९०५१ | ४२१५ |

## निर्णय नं. ३

राजस्व परामर्श समितिबाट आ.व.२०७४/०७५का लागि सिफारिस भएको र कार्यपालिकाबाट स्वीकृत भई गाउँसभामा पेश हुन आएका देहायका दररेटका करका दरहरु, दायरा, श्रोत र क्षेत्र तथा आय प्रस्तावहरु स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं. १ :**

राजश्व परामर्श समितिको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र "**राजश्व सम्बन्धि नीति तथा कानुन तर्जुमा, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने"** भनी उल्लेख भएतापनि सो सम्बन्धि ड्राफ्ट प्राप्त हुन नआएकोले उक्त बुँदामा ड्राफ्ट प्राप्त भएपछि आगामी बैठकमा छलफल गर्ने गरी आगामी आर्थिक वर्ष २०७४/०७५ को लागि नेपालको संविधान २०७२ को अनुसूची -८ र ९ को अधिकार प्रयोग गरी घरपझोङ गाउँपालिका भित्र राजश्व संकलन गर्न सकिने तपशिलका विषयहरूमाथि छलफल गर्ने निर्णय गरियो ।

**तपशिलका विषयहरू : (राजश्व** संकलन **गर्न सकिने श्रोत तथा दायराहरू र अनुमानित आय)**

नेपालको संविधान २०७२ को भाग ५, धारा ५७ को उपधारा ४ र अनुसुचि ८ र ९ मा उल्लेखित स्थानीय तहको अधिकार प्रयोग गरी गाउँपालिकाले संकलन गर्न पाउने तपशिल बमोजिमका करहरू आ.व. २०७४/०७५ मा जिल्ला समन्वय समितिले संकलन गरी गाउँपालिकालाई हस्तान्तरण गर्ने परिपत्र बमोजिम प्राप्त हुने करलाई संकलनको आधार मानी सोही बमोजिम कायम गर्ने र अन्य करहरू गाउँपालिका मार्फत संकलन गर्ने साथै केही करहरू संकलन गर्ने निर्णय गरियो ।

| क्र.सं. | श्रोतका विषय | कर शुल्क | कैफियत |
|---|---|---|---|
| १ | घरजग्गा रजिष्ट्रेशन कर | ३०००००.०० | जि.स.स. मार्फत प्राप्त हुने |
| २ | सवारी साधन कर | ६५०००.०० | जि.स.स. मार्फत प्राप्त हुने |
| ३ | कृषि तथा जडिबुटी कर | ८००००.०० | जि.स.स. मार्फत प्राप्त हुने |
| ४ | पशु कर | २४००००.०० | जि.स.स. मार्फत प्राप्त हुने |
| ५ | सिफारिस/निवेदन दस्तुर | ५००००.०० | प्रति सिफारिस रू १०० |
| ६ | मालपोत संकलन | ५००००.०० | प्रति रोपनि रू ५०.०० |
| ७ | ढुंगा, गिटी, बालुवा | २५५०००.०० | |
| ८ | भाडा (कार्यालयको घर तथा जग्गा) | ९४०००.०० | |
| ९ | लिलाम विक्रि | २५००.०० | |
| १० | सूचना प्रवाह कर | २०००.०० | सिडी ५०, डिभिडी १००, प्रति पेज रू ५ |
| ११ | टेण्डर विक्रि | १०००००.०० | |
| १२ | पर्यटन रोयल्टी (ड्राफ्ट) | ३००००००.०० | |
| १३ | विद्युत रोयल्टी | ३००००००.०० | |
| १४ | पर्वतारोहण रोयल्टी | ६०००००.०० | |
| १५ | घरबहाल कर | ३०००००.०० | स्वः घोषणाको आधारमा २% |
| १६ | आय प्रमाणित | ८०००.०० | ०.०५% |

| | | | |
|---|---|---|---|
| १७ | सम्पत्ती मूल्याङ्कन | २५०००.०० | ०.०२५% |
| १८ | विविध आय र अल्या रकम | ६,०५०००.०० | |
| १९ | होटल तथा व्यवसाय कर | ९९००००.०० | |
| २० | उद्योग व्यवसाय कर | १९५०००.०० | |
| २१ | मेशिनरी औजार तथा सवारी साधन | २८५०००.०० | |
| २२ | पशु तथा कृषि जन्य कर | १४००००.०० | |
| २३ | मनोरञ्जन कर | ४५०००.०० | |
| २४ | पार्किङ शुल्क | २०००००.०० | |
| २५ | नक्सा पास बापत | १५००००.०० | |
| २६ | विज्ञापन कर | ५००००.०० | |
| २७ | घर जग्गा कर | १६५०००.०० | |
| | **जम्मा** | **११८7६५००.००** | |

**निर्णय नं. २**

यस जिल्लाबाट बाहिरि जिल्लामा निकासी हुने कृषि जन्य तथा जडिबुटी कर, पशुजन्य कर (भेडा, खसि, च्याङ्ग्रा, घोडा, खच्चर आदि), पटके सवारी कर आगामी आ.व. २०७४/०७५ मा जिल्ला समन्वय समितिमर्फत संकलन गरी सबै गाउँपालिकाहरूमा वितरण र गर्ने भनी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको परिपत्र अनुसार यस गाउँपालिकालाई रू. ६८५०००.०० (पशुकर रू. २४००००, सवारी कर रू. ६५०००, कृषि जन्य तथा जडिबुटी कर रू. ८००००.०० र मालपोत रजिष्ट्रेशन शुल्क रू ३०००००.००) अनुमान गरिएको छ । साथै यस गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरूबाट सेवा प्रवाह गरे बापत सिफारिस तथा निवेदन दस्तुरमा प्रति सिफारिस तथा निवेदन बापत रू. १००.०० का दरले शुल्क निर्धारण गर्ने, सूचना प्रवाह बापत सफ्ट कपि प्रति सिडी रू. ५०.००, प्रति डिभिडी रू. १००.०० र हार्डकपी प्रति पेज रू. ५.०० का दरले सेवा शुल्क निर्धारण गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं. ३**

नेपालको संविधान २०७२ को भाग ५ धारा ५७ को उपधारा ४ र अनुसूची ८ र ९ को अधिकार प्रयोग गरी तपशिल बमोजिमका करहरू संकलनको लागि देहाय बमोजिम कर तथा शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

१. एकिकृत सम्पत्ति करको लागि फाराम तयार गरी लगत संकलन गर्ने र सफ्टवयरमा डाटा इन्ट्री गरी निश्चित समयावधी भित्र लागू गर्ने
२. यस गाउँपालिकाको वडा नं. ३ मा रहेको विमानस्थल संचालन बापत एयरपोर्ट ट्याक्स सम्बन्धित निकायसँग छलफल गरी निर्धारण गर्ने

३. विभिन्न समयमा बिभिन्न स्थानमा संचालन हुने हाटबाजरहरूको लागि हाट बजार कर सम्बन्धित निकायसँग छलफल गरी निर्धारण गर्ने

४. तपशिलमा उल्लेखित करहरू तपशिल बमोजिम निर्धारण गर्ने

1. २० कोठा र सोभन्दा बढि भएका होटलहरू रू. २००००
2. १० देखि १९ कोठासम्म भएका होटलहरू रू. १००००
3. ९ कोठा र सोभन्दा कम भएका होटलहरू रू. ५०००
4. होलसेल किराना पसलहरू रू. १५०००
5. चियापसल, रेष्टुरेण्ट, खुद्रा पसल, स्टेशनरी तथा विभाजनमा नपरेका अन्य सबै साना व्यवसायहरू रू. २०००
6. डिस्टिलरी उद्योगहरू रू. ३००००
7. ब्लक उद्योग, ग्यारेज, शोरुम रू. ५०००
8. फर्निचर उद्योगहरू रू. ७०००
9. थ्रेसर, कुटानी पिसानी मिलहरू रू. २०००

- मेशिनरी तथा सवारी साधनहरू
  - एक्साभेटर (चेन भएको) रू. १००००
  - जे.सि.वी. (टायर भएको) रू. ७०००
  - ट्रक, टिप्पर, बस रू. ५०००
  - जीप (हरियो र कालो प्लेट भएको) रू. ३०००
  - ट्र्याक्टर रू. २०००
- व्यवसायिक पशु तथा कृषि (व्यवसायको रूपमा संचालन गरिएका पशु गोठ तथा कृषि)
  - भेडा, च्याङ्ग्रा आदि प्रति गोठ रू. ३०००
  - याक, चौरी आदि प्रति गोठ रू. ५०००
  - स्याउ, आलु खेति प्रति रोपनिका दरले रू. ५००
- मनोरञ्जन कर (गाउँपालिकाको क्षेत्रभित्र चलचित्र, डकुमेन्ट्रि, भिडियो छायाँकन गरे वापत)
  - स्वदेशि छायाँकन रू. ५०००
  - विदेशि छायाँकन रू. १००००
- पार्किङ शुल्क (गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सवारी साधन पार्किङ गर्ने स्थानको व्यवस्थापन गरे पश्चात तपशिल बमोजिमको कर संकलन ठेकदार मार्फत गर्ने)
  - २४ घण्टासम्मको पर्किङको लागि
    - ट्रक, बस, ट्र्याक्टर, डोजर, लोडर आदि रू. ५०
    - जीप, कार, भ्यान रू. ३०
    - मोटर साइकल रू. १०
  - पटके सवारी कर (छोटो समयको लागि पार्किङ गरे बापत)

- ट्रक, बस, ट्रयाक्टर, डोजर, लोडर आदि रू. २०
- जीप, कार, भ्यान रू. १०
- मोटर साइकल रू. ५

○ घर जग्गा कर

- सामान्य खालको आवाशीय घरको लागि रू. १००
- मध्यम खालको आवाशीय घरको लागि रू. ३००
- व्यवसायीक घरको लागि रू. ५००

• विगत आ.व. हरूमा संकलन गर्दै आएको मालपोत शुल्कको दयारा फराकिलो पर्दै राजश्व संकलनका क्रममा मालपोत शुल्क न्युनतग (१ रोपनी) रू ५०.०० र १ रोपनि भन्दामाथि प्रति रोपनि रू ५०.०० का दरले गुणा गरी संकलन गर्ने । यार्सागुम्बा संकलन गर्ने क्रममा लेकमा जाने व्यक्तिहरूले व्यवस्थापन समितिलाई बुझाउदै आएको कर गाउँपालिकाको कर दायरामा समायोजन गर्न पहल गर्ने साथै एयरपोर्ट छेउमा रहेको सारकारी पार्कलाई संरक्षण, प्रवर्द्धन र विकास गरी व्यवस्थापन गर्ने निर्णय गरिन्छ । उल्लेखित करहरू बाहेक अन्य करहरूको हकमा कार्यविधि बमोजिम दायरा तोकी लागू गर्ने र बैठकमा पारित गर्नको लागि गाउँपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरिन्छ ।

• गाउँपालिका भित्र निर्माण गर्न लागिएका भवन, घर आदिको नक्सा यस कार्यालयबाट पास गराएर मात्र निर्माण कार्य शुरु गर्ने र सो वापत प्रति स्क्वायर फीट (Square Feet) रू. ५ का दरले नक्सा पास कर निर्धारण गर्ने

**निर्णय नं. ४**

घरपझोङ गाउँपालिकाको आ.व.२०७४/०७५ समानीकरण अनुदानतर्फको, सर्शत अनुदान तर्फको विनियोजित रकम स्वीकृत गर्ने निर्णय गरियो । साथै अनुसूचि १ आय व्ययको विवरण, अनुसुचि ३ व्ययको अनुमान, अनुसूचि ५ क्षेत्रगत व्यय अनुमान लगायत सात वटै अनुसूचिहरुमा विनियोजित कार्यक्रम र रकम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

घरपझोङ गाउँपालिकामा प्राप्त हुन आउने ५० लाख भन्दा तलका कार्यक्रमहरु तथा सांसद विकास कोषको रकम र अन्य निकायबाट प्राप्त हुन आउने रकम वडाको माग बमोजिम प्राथमिकिकरण गरी कार्यान्वयन गर्दै जाने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | स्थान | अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|
| **वडा नं. १** | | | | |
| **क.** | **आर्थिक विकास(कृषि,उद्योग तथा वाणिज्य,पर्यटन,सहकारी तथा वित्तीय क्षेत्र** | | | |
| | कृषि अनुसन्धान केन्द्र | छैरो चिमाङ | | |
| | स्थानीय रुपमा उत्पादन हुने फलफुल, अन्नवाली जडिवुटीहरु लाई वैज्ञानिक कृषि गर्नलाई आवश्यक पर्ने सबै खाले कार्यक्रमको व्यवस्थापन | छैरो चिमाङ | | |
| | पुरानो पानी घट्ट मर्मत | | | |
| **ख.** | **सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वधन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | | | |

| | | | | |
|---|---|---|---|---|
| | गुम्बा व्यवस्थापन | | | |
| | विद्यालयमा कम्प्युटर फोटोकपि प्रिन्टर सोलार हिटर खरिद तथा मर्मत संभार छैरो चिमाङ | छैरो चिमाङ | | |
| | तालिम एवं कुटानी पिसानी मिल छैरो चिमाङ | छैरो चिमाङ | | |
| | स्वास्थ्य चौकी निर्माण तथा व्यवस्थापन | छैरो चिमाङ | | |
| | प्राविधिक शिक्षामा छात्रार्वत्ति | | | |
| | नयाँ खानेपानी तथा पुरानो मर्मत | | | |
| | वालवालिकाका लागि खेलमैदान,पुस्तकालय, पोषण व्यवस्थापन आवश्यक सामाग्री खरिद, वालमैत्री भौतिक पूर्वाधार व्यवस्थापन एवं क्षमता विकास कार्यक्रम | | | |
| | सार्वजनिक शौचालय तथा धारा निर्माण छैरो चिमाङ | | | |
| | गोरखा ओयल फियर स्कीम ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम पोखराको सहयोगमा खानेपानी आयोजनालाई निरन्तरता | | | |
| | घरपझोङ गाँउपालिकाभित्र रहेका दलित युवायुवती र विधार्थीलाई सिपमुलक एवं आयमुलक तालिम तथा वेसिक डिप्लोमा कम्प्युटर तालम प्रदान गर्ने | | | |
| ग. | **पूर्वाधार विकास (सडक तथा पुल, झोलुङ्गे पुल समेत) सिँचाई, भवन तथा सहकारी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक ऊर्जा समेत)** | | | |
| | थ्रिफेज लाइन विस्तार | | | |
| | सामुदायिक भवन निर्माण छैरो चिमाङ | | | |
| | जेष्ठ नागरिक हट रुम निर्माण | | | |
| | दलित समाज भवनमा सोलार वाटरको व्यवस्था | | | |
| | चर्च घरमा कम्पाउण्ड घेर्ने | | | |
| | चिमाङ गोरेटोवाटो मर्मत | | | |
| | रेडियो, टेलिभिजन, छापा पत्रिका सम्बन्धी तालिम | | | |
| | छैरो झोलुङ्गे माथिल्लो पुल देखि लक्की सम्म वाटो मर्मत एवं छपनी ढुंगा विछ्याउने | | | |
| घ. | **वातावरण तथा विपद् व्यवस्थापन( वन तथा भू संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन,फोहोरमैला व्यवस्थापन,जल उत्पन्न प्रकोप नियन्त्रण,विपद व्यवस्थापन, वारुण यन्त्र सञ्चालन** | | | |
| | कालीगण्डकी नदि तटवन्ध निर्माण | छैरो चिमाङ | | |
| | ढल निकास | छैरो चिमाङ | | |
| | भूसंरक्षणका लागि वृक्षारोपण | छैरो चिमाङ | | |
| | पार्क निर्माण | छैरो चिमाङ | | |
| ङ. | **संस्थागत विकास तथा सेवा प्रवाह (मानव संसाधन विकास,संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निंधारण , सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग)** | | | |
| | सूचना प्रविधिको पहुँचमा विस्तार | | | |
| च. | **वित्तिय व्यवस्थापन र सुशासन ( लेखाङकन, राजश्व परिचालन,वित्तिय अनुशासन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण,आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेृखापरिक्षण तथा वेरुजु फछ्र्यौट, सुचना तथा संचार व्यवस्थापन)** | | | |

**वडा नं.२**

| | | | | |
|---|---|---|---|---|
| क. | **आर्थिक विकास(कृषि,उद्योग तथा वाणिज्य,पर्यटन,सहकारी तथा वित्तीय क्षेत्र** | | | |
| | पर्यटक आर्कषणका लागि भ्युटावर निर्माण गर्ने | | | |
| | मार्फा सवि आलुवारी याक खर्क धमाङ हुँदै मार्फा सम्म चक्रपथ पर्यटकिय भ्रमण पदमार्ग निर्माण गर्ने | | | |
| | भोङ भिर साना सहकारी संस्थालाई फलफुल जुस उत्पादन गर्न आवश्यक सहयोग | | | |
| | कृषकहरुका लागि आवश्यक विऊ विजन, किटनासक औषधी खरिद गर्न एवं वितरण गर्न सहयोग गर्ने | | | |

| | | | | |
|---|---|---|---|---|
| ख. | **सामाजिक विकास (शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई,संस्कृति प्रर्वधन,लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | | | |
| | नारा घाङ देखि सामाग्री सम्म खानेपानी निर्माण गर्ने | | | |
| | मार्फा थकाली कला संस्कृति र्सग्रालयका लागि कला,संस्कृति भवन निर्माण गर्ने | | | |
| | वालवालिका एवं बृद्धबृद्धाहरुका लागि संग्राहालय भवन निर्माण गर्ने | | | |
| | हेल्थपोष्ट खानेपानी योजना निर्माण | | | |
| | श्री जनवाल मा.वि. का विद्यार्थीहरुका लागि दिवा खाजा व्यवस्थापन गर्ने | | | |
| | धमाङ वस्तीमा खानेपानी योजना निर्माण | | | |
| | आदीवासी, जनजाती, दलित, अल्पसंख्यक महिलालाई सशक्तिकरण योजना | | | |
| ग. | **पूर्वाधार विकास (सडक तथा पुल, झोलुङ्गे पुल समेत),सिँचाई,भवन तथा सहकारी विकास,उर्जा,लघु तथा साना जलविद्युत (वैकल्पिक ऊर्जा समेत)** | | | |
| | सेचिमुलचरन जोन बाटो निर्माण गर्ने | | | |
| | मिलीजुली युवा क्लवको भवन निर्माण | | | |
| घ. | **वातावरण तथा विपद् व्यवस्थापन ( वन तथा भू संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुण यन्त्र सञ्चालन** | | | |
| | तेम्कयु खोलामा बाढी नियन्त्रण र व्यवस्थापन गर्न ग्यावीन लगाउने | | | |
| | पम्क्यू खोला नियन्त्रण गर्न ग्यावीन हाली तटबन्ध गर्ने | | | |
| | मार्फा मास्तीको भिरमा गल्छी नियन्त्रण एवं व्यवस्थापन | | | |
| ङ. | **संस्थागत विकास तथा सेवा प्रवाह (मानव संसाधन विकास,संस्थागत क्षमता विकास,संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली,सेवा प्रवाहका मापदण्ड र्निधारण ,सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग)** | | | |
| | **महिला तथा कृषकहरुका लागि भ्रमण, तालिम तथा चेतनामुलक कार्य संचालन गर्ने** | | | |
| च. | **वित्तिय व्यवस्थापन र सुशासन ( लेखाङ्कन, राजश्व परिचालन,वित्तिय अनुशासन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण,आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेृखापरिक्षण तथा वेरुजु फछ्र्यौट, सुचना तथा संचार व्यवस्थापन)** | | | |

**वडा नं. ३**

| | | | | |
|---|---|---|---|---|
| क. | **आर्थिक विकास(कृषि,उद्योग तथा वाणिज्य,पर्यटन,सहकारी तथा वित्तीय क्षेत्र** | | | |
| | स्याङ खेतवारी वरीपरी तारजाली लगाउने | | | |
| | टसी ल्यासाङ गुम्बामा कोठा निर्माण, गुफा जाने बाटो निर्माण | | | |
| | एयरपोर्ट अगाडीको बाटो नजिक पार्क मर्मत संभार | | | |
| ख. | **सामाजिक विकास (शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई,संस्कृति प्रर्वधन,लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | | | |
| | वालवालीकाहरुका लागि पुस्तकालय, विज्ञान प्रयोगशाला, खेलकुद सामाग्री र कम्प्युटर खरिद तथा बालमैत्री धारा निर्माण | | | |
| ग. | **पूर्वाधार विकास (सडक तथा पुल, झोलुङ्गे पुल समेत),सिँचाई,भवन तथा सहकारी विकास,उर्जा,लघु तथा साना जलविद्युत (वैकल्पिक ऊर्जा समेत)** | | | |
| | स्याङको माथिल्लो गाउँमा जाने मोटरबाटो निर्माण | | | |
| | जनकल्याण क्लव भवनमा शौचालय निर्माण तथा मर्मत | | | |
| | स्याङ गाँउमा आमा समूहको २ कोठे भवन निर्माण | | | |
| | नमूना र जनकल्याण आधारभूत विधालयमा एक एक कोठा थप गर्ने र शौचालय निर्माण गर्ने | | | |
| | स्याङ गाउँको खेतहरुमा सिँचाईको लागि शाखा कुलोहरु मर्मत सुधार गर्ने | | | |
| | स्याङ गाउँबाट सम्ले ढुम्वा जोड्ने पक्की पुल निर्माण गर्ने | | | |
| घ. | **वातावरण तथा विपद् व्यवस्थापन( वन तथा भू संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन,फोहोरमैला व्यवस्थापन,जल उत्पन्न प्रकोप नियन्त्रण,विपद व्यवस्थापन, वारुण यन्त्र सञ्चालन** | | | |
| | **स्याङ खोला र कालीगण्डकीमा तटबन्ध निर्माण** | | | |

| | | | | |
|---|---|---|---|---|
| | स्याङ गाँउको मेलुङ घ्याखाङ स्थान देखी धैतिमे सम्मको मोटरबाटो माथीको पाखामा तटबन्ध तथा रिटेनिङ वाल लगाउने | | | |
| ङ. | संस्थागत विकास तथा सेवा प्रवाह (मानव संसाधन विकास,संस्थागत क्षमता विकास,संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली,सेवा प्रवाहका मापदण्ड र्निधारण ,सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग) | | | |
| | स्वास्थ्य चौकी भवन निर्माण | | | |
| च. | वित्तिय व्यवस्थापन र सुशासन ( लेखाङकन, राजश्व परिचालन,वित्तिय अनुशासन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण,आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेृखापरिक्षण तथा वेरुजु फछ्यौट, सुचना तथा संचार व्यवस्थापन) | | | |

वडा नं. ४

| | | | | |
|---|---|---|---|---|
| क. | आर्थिक विकास(कृषि,उद्योग तथा वाणिज्य,पर्यटन,सहकारी तथा वित्तीय क्षेत्र | | | |
| | जोमसोम गाउँमा रहेको परम्परागत प्रविधिको घट्टलाइ्र व्यवस्थित एवं सुधार गर्नुपर्ने | | | |
| ख. | सामाजिक विकास (शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई,संस्कृति प्रर्वधन,लैंगिक समानता तथा सामाजिक समावेशीकरण | | | |
| | लमकुची धार्मिक स्थल संरक्षण | | | |
| ग. | पूर्वाधार विकास (सडक तथा पुल, झोलुङगे पुल समेत) सिँचाई,भवन तथा सहकारी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक ऊर्जा समेत) | | | |
| | खेत भित्रका साना कुलाहरुका लागि साना सिँचाईमा अनुरोध गर्ने | | | |
| घ. | वातावरण तथा विपद् व्यवस्थापन( वन तथा भू संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन,फोहोरमैला व्यवस्थापन,जल उत्पन्न प्रकोप नियन्त्रण,विपद व्यवस्थापन, वारुण यन्त्र सञ्चालन | | | |
| ङ. | संस्थागत विकास तथा सेवा प्रवाह (मानव संसाधन विकास,संस्थागत क्षमता विकास,संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली,सेवा प्रवाहका मापदण्ड र्निधारण ,सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग) | | | |
| | वाल पुस्तकालयको व्यवस्था गर्नुपर्ने | | | |
| | वालक्लवको क्षमता अभिवृद्धि | | | |
| | महिला आयआर्जन तथा सिपमुलक कार्यक्रमहरु | | | |
| | जनहित क्लवको मिटिङ हल | | | |
| | वाल लक्षित कार्यक्रममा किशोर किशोरी प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम | | | |
| च. | वित्तिय व्यवस्थापन र सुशासन ( लेखाङकन, राजश्व परिचालन,वित्तिय अनुशासन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण,आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेृखापरिक्षण तथा वेरुजु फछ्यौट, सुचना तथा संचार व्यवस्थापन) | | | |

वडा नं. ५

| | | | | |
|---|---|---|---|---|
| क. | आर्थिक विकास(कृषि,उद्योग तथा वाणिज्य,पर्यटन,सहकारी तथा वित्तीय क्षेत्र | | | |
| | ढुम्बा खोला सिँचाई मुहान तथा आर.सि.सि. कुलो निर्माण | | | |
| | पशु सेवा, पशु स्वास्थ्य तथा पशु विकास | | | |
| | थाङधुङ देखि चिनीघाङसम्म कृषि सडक निर्माण | | | |
| ख. | सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वधन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण | | | |
| | श्री मुक्ति नमुना र ढुम्बा आधारभुत विद्यालयमा विद्यार्थीहरुलाई पोषाक पोषण र छात्रवृत्रिको व्यवस्था र भवन निर्माण | | | |
| | दलित लक्षित गरी समोसा उद्योग संचालन गर्ने | | | |
| | जोमसोम स्वास्थ्य चौकी भवन जस्ता पाता लगाउने | | | |
| | वालवालिकाका लागि  खेलमैदान निर्माण | | | |
| | ढुम्बामा स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण तथा फर्निचर खरिद | | | |
| | फाला तुङला संस्कृति संरक्षण | | | |
| | ठिनी आमा समुह भवनमा हट रुम निर्माण | | | |

| | | | | |
|---|---|---|---|---|
| | प्राविस्तरका दलित विद्यार्थीलाई ट्युसनको व्यवस्था | | | |
| | थकाली भाषा संरक्षण | | | |
| ग. | पूर्वाधार विकास (सडक तथा पुल, झोलुङ्गे पुल समेत),सिँचाई,भवन तथा सहकारी विकास,उर्जा,लघु तथा साना जलविद्युत (वैकल्पिक ऊर्जा समेत) | | | |
| | ढुम्बा सम्ले गाँउमा थ्रिफेज लाइन जडान | | | |
| | ठिनी खोलामा पक्की पुल निर्माण | | | |
| | ठिनी तथा जोमसोम सिँचाईको भुम्चे देखी भुम्चेघाङसम्म कुलो निर्माण र तेप्के देखी चिनीघाङ सम्म स्ल्याव निर्माण | | | |
| | सम्ले गाउँमा सिँचाई पोखरी तथा आर.सि.सि. कुलो निर्माण | | | |
| | ढुम्बा आमा समूहको भवन निर्माण | | | |
| | ढुम्बा सम्ले तथा ढुम्बा तालमा सडक सोलार वत्ति जडान | | | |
| | ढुम्बा सम्ले वहुउद्देश्यीय भवन निर्माण | | | |
| | थकाली म्युजियमको व्यवस्थापन | | | |
| | ठिनी गाउँमा छपनि ढुंगा विछ्याउने, गल्छी नियन्त्रण तथा सिाना सिँचाई कुलो निर्माण | | | |
| | दलित समुह भवन मर्मत तथा हट रुम निर्माण | | | |
| घ. | वातावरण तथा विपद् व्यवस्थापन( वन तथा भू संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन,फोहोरमैला व्यवस्थापन,जल उत्पन्न प्रकोप नियन्त्रण,विपद व्यवस्थापन, वारुण यन्त्र सञ्चालन | | | |
| | ढुम्बा खोलामा वाढि पहिरो नियन्त्रण | | | |
| | ठिनी ढुम्बामा वृक्षारोपण कार्यक्रम | | | |
| ङ. | संस्थागत विकास तथा सेवा प्रवाह (मानव संसाधन विकास,संस्थागत क्षमता विकास,संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली,सेवा प्रवाहका मापदण्ड निंधारण ,सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग) | | | |
| | स्वास्थ्य चौकी तथा विद्यालयहरुमा सञ्चालन खर्च | | | |
| | ठिनी सामुदायिक भवनमा फर्निचर खरिद | | | |
| च. | वित्तिय व्यवस्थापन र सुशासन ( लेखाङकन, राजश्व परिचालन,वित्तिय अनुशासन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण,आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरिक्षण तथा वेरुजु फछ्र्यौट, सुचना तथा संचार व्यवस्थापन) | | | |

**निर्णय नं. ६**

गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन तथा स्वीकृत भएका निर्णयहरु गाउँसभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

गाउँकार्यपालिकाले आफ्नो कार्य सम्पादन गर्ने सम्बन्धमा कतिपय निर्णयहरु तत्काल लिनुपर्ने भएकाले त्यस्ता प्रकृतिका कामकारवाहिको सम्बन्धमा कार्यपालिकाबाट निर्णय र कार्यान्वयन गरी आगामी गाउँसभाबाट अनुमोदन तथा स्वीकृत गराउने गरी गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४को बुँदा नं. ३५ मा गाउँपालिकाको लागि उल्लेखित न्यूनतम कर्मचारीका पदहरु तथा एक हलुका सवारी चालक समेतको पद स्वीकृत गर्ने निर्णय गरियो ।

**गाउँपालिकामा**

| | |
|---|---|
| १. कार्यकारी अधिकृत (शाखा अधिकृत) | १ |
| २. इन्जिनियर (सिभिल जनरल) | १ |
| ३. कम्प्युटर इन्जिनियर/अधिकृत | १ |
| ४.नायब सुब्बा | १ |
| ५.लेखापाल | १ |
| ६. सव इन्जिनियर (सिभिल जनरल) | २ |
| ७. कार्यालय सहयोगी | २ |
| ८.हलुका सवारी चालक | १ |

९. विभिन्न सरकारी सेवा तथा निकायबाट खटी आएका कर्मचारीहरु
( इन्जिनियर,सव इन्जिनियर र कम्प्युटर इन्जिनियरले वडाको समेत प्राविधिक काम गर्ने ।)

**गाउँपालिकाको वडामा**

| | |
|---|---|
| १. वडा सचिव | १ |
| २. प्रशासन तथा लेखा सहायक | १ |
| ३.कार्यालय सहयोगी | १ |

४.विभिन्न सरकारी सेवा तथा निकायबाट खटी आएका कर्मचारीहरु

**निर्णय नं. ९**

विनियोजन ऐन तथा आर्थिक ऐन स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. १०**

नेपाल सरकारबाट प्राप्त कानून नमूनाको रुपमा स्थानीय निकायलाई प्राप्त भएका मार्गदर्शनहरु स्थानीय परिवेश र आवश्यकता बमोजिम बनाई लागु गर्दै लैजान गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

बालमैत्री, वातावरणमैत्री, पुर्ण सरसफाई र लैङ्गिक सशक्तिकरणका कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनको व्यवस्था मिलाउन गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

विपद् व्यवस्थापन कोषबाट खर्च गर्दा पूर्ण क्षति भएमा रु. १५ हजार र आंशिक क्षति भएमा रु. ५ हजार प्रति घर परिवारलाई तत्काल राहत स्वरुप सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

गुणस्तरीय, स्वच्छ प्रतिस्पर्धात्मक अध्ययन अध्यापन प्रणालीलाई प्रर्वधन गर्न उत्कृष्ट विद्यालय र शिक्षकलाई प्रोत्साहन स्वरुप छनौट भएको उत्कृष्ट विद्यालयलाई विद्यालय कोषमा रु. ५० हजार र उत्कृष्ट शिक्षकहरुलाई प्रोत्साहन स्वरुप रु. ५० हजार दामासाहिमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

गरिबिको रेखामुनि रहेका विपन्न, दलित पिछडिएका तथा जेहेन्दार छात्र-छात्राहरुलाई औपचारिक शिक्षाबाट वञ्चित हुन नदिन विद्यार्थी छात्रवृत्ति कोषबाट बार्षिक रु. १ हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रका शिक्षकहरुको पारिश्रमिकमा मासिक २ हजारका दरले जम्मा ९ जना शिक्षकहरुलाई थप सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६**

जेष्ठ नागरिक, अपांग, एकल महिलाहरुको लागि मुस्ताङ जिल्ला अस्पतालमा निशुल्क तथा पूर्ण स्वास्थ्य उपचारका लागि विरामी सहायता कोषबाट विल अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो । साथै अस्पतालबाट जिल्ला बाहिरका अस्पतालमा उपचार गर्न जानु पर्ने अवस्थाका विरामीहरुलाई जिल्ला अस्पतालद्वारा रेफर भएका विरामीलाई सहायता स्वरुप विपन्न विरामी सहायता कोषबाट प्रति विरामी रु. २ हजार सम्म उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७**

नेपाल सरकारको नीति अनुरुप सुत्केरी प्रोत्साहन खर्चको रकम उपलब्ध गराईने निर्णय गरियो ।

**निर्णय नं. १८**

गाउँ सभा सम्पन्न गर्न खर्च भएका पदाधिकारीको बैठक भत्ता तथा प्रथम गाउँ सभासम्म भएका कार्यालयगत आम्दानी र खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

घरपझोङ गाउँपालिकाको मिति २०७४/०३/०७ गते बसेको कार्यपालिकाको पहिलो बैठकबाट निर्णय भए बमोजिम हाल सञ्चालनमा रहेको गाउँपालिकाको भवन अपर्याप्त भएको तथा शाखाहरु विस्तार गरि कार्यालय व्यवस्थापन गर्नु पर्ने हुदा स्थानीय तहमा हस्तानान्तरण हुने जिल्लास्थित संरचनाको संभावित भवनहरु यसका कार्यालयको प्रयोजनका लागि उपलब्ध गराउने गरी समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

घरपझोङ गाउँपालिका अन्तर्गत छैरो र ढुम्बा गाउँमा हाल सञ्चालनमा रहेका पानीका स्रोतहरु घट्दै गई सिंचाई संकट भएको भनि सम्बन्धित बस्तिको माग उपर ध्यानाकर्षण हुदा उत्त क्षेत्रमा संभाव्यता अध्ययन गरी भाद्र मसान्तसम्म प्राप्त हुने थप बजेट वा अन्य कुनै स्रोत उपलब्ध भएमा सो स्रोतबाट विनियोजन गर्ने तथा स्रोत उपलब्ध हुन नसकेमा गाउँपालिकाले स्थापना गरेका विद्यमान कोषमध्य सम्बन्धित कोष तथा परामर्श सेवा कोषको रकमबाट भए पनि प्राथमिकता दिई रु.५ लाख छैरो सिंचाईका लागि र रु. १० लाख ढुम्वा सिंचाई आयोजनाका लागि विनियोजन गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

# खण्ड २ चालु आ.व. २०७३-७४ को समिक्षा

## २.१ साविकको स्थानीय निकायहरू वाट सम्पन्न कार्यक्रमको समिक्षा

आ.व. २०७३।७४ मा साविकका गा.वि.स.हरू जोमसोम र मार्फामा विनियोजित बजेट चालु तर्फ १०,९०,०००।०० र पूजिँगत तर्फ ८९,६६,८००।०० रहेको छ ।

चालु तर्फको बजेट कर्मचारीको तलबभत्ता र कार्यालय संचालनमा खर्च भएको देखिएको छ ।

पूँजीगत तर्फको जम्मा बजेट ८९,६६,८००।०० मध्ये बाट

दश प्रतिशत (रकम रू.८,९६,६८०।००)शशर्त वालवालिका लक्षित कार्यक्रममा खर्च भएको छ जसमा शैक्षिक सामाग्रीहरूको खरिद, वालक्लव तथा वाल संजालको गठन, छात्रावृत्तिको व्यवस्था र वाल पोषणका लागि खर्च भएको छ । जसको कारणले गर्दा बालबालिकाको स्वास्थ्य, शिक्षा लगायत वहुआयामिक पक्षमा सकरात्मक सूचक देखिएका छन् ।

दश प्रतिशत (रकम रू.८,९६,६८०।००) शशर्त महिला लक्षित कार्यक्रममा खर्च भएको छ जसमा आमा तथा महिलाहरूको आयआर्जन साथै क्षमतामा वृद्धि हुने र आमा तथा महिला समुहहरूको संस्थागत विकासका लागि खर्च गरिएको छ । जसको कारण समाजका विकास निर्माण लगायत अन्य क्रियाकलापहरूमा महिलाहरूको सार्थक सहभागिता अभिवृद्धि भएको छ साथै महिलामैत्री आर्थिक वृद्धि र विकासका क्रियाकलापहरूमा वढोत्तरी भएको छ ।

१५ प्रतिशत ( रकम रू.१३,४५,०२०) शशर्त जनजाति,दलित, जेष्ठ, अपाङग लगायत लक्षित वर्गका लागि खर्च भएको छ, जसमा दलित समुहहरूको संस्थागत अपांग लक्षित आयआर्जन, लक्षित समूहहरूको लागि शौचालय निर्माण र सरसफाइकाको कार्यक्रमहरूमा विनियोजित रकम खर्च भएको छ । जसको कारण दलित तथा पिछडीएको वर्गहरूको सामुहिकता तथा क्षमता अभिवृद्धिमा योगदान पुगको छ साथै अपांग लाई स्वरोजगारका लागि आत्मविश्वास अभिवृद्धि भएको छ ।

पूजिँगत बाट लक्षित वर्गहरूलाई विनियोजित गरेर बाँकी रहेको वजेट बाट ६० प्रतिशत पूर्वाधार तर्फ ( रकम रू. ३४,९७,०५२।००) खर्च गरेको छ जसमा

कृषि सडकहरूको स्तरोन्नती कृषि उत्पादन वृद्धि गर्नका लागि सिँचाई कुलो तथा तारजाली निर्माण तथा मर्मत पुराना गुम्बाहरूको मर्मत तथा संरक्षण,युवा तथा वालवालिका लक्षित खेलमैदानहरूको निर्माणमा रकम खर्च भएको छ । जसका कारण कृषि उत्पादन वृद्धि भई आयआर्जनमा वढोत्तरी भएको छ, स्वस्थ र सभ्य जनशक्ति निर्माणमा टेवा पुगेको छ । सामाजिक, सांस्कृतिक, ऐतिहाँसिक तथा मौलिक सम्पदाहरूको जर्गेना मार्फत पर्यटन प्रवर्धनमा टेवा पुगेको छ ।

प्रर्वधनात्मक कार्यक्रममा ४० प्रतिशत( रकम रू. २३,३१,३६८।००) उपभोक्ता समिती गठन, पुर्ण सरसफाई र महिला सशक्तिकरणको अभिमुखिकरण कार्यक्रम, स्थानीय कला तथा संगित को संरक्षण तथा संर्वधन, सुचना तथा सञ्चार प्रविधि क्षेत्रको विकास, विस्तार तथा स्तरोन्नती जस्ता कार्यक्रममा खर्च भएको छ । जसका कारण स्वस्थ,आधुनिक स्रोत साधन मैत्री नागरिक निर्माण गर्ने तथा स्थानीय कला संस्कृतिको विकासमा सघाउ पुगेको देखिन्छ ।

## २.२ विषयगत निकायहरू स्थानीय तहमा हस्तान्तरण हुनु पूर्व सम्पन्न कार्यक्रमको समिक्षा

### २.२.१ जिल्ला कृषि विकास कार्यालय

जिल्ला कृषि विकास कार्यालबाट आ.व. २०७३।७४मा सञ्चालन भएका कार्यक्रमहरूको समिक्षा

- कृषि प्रसार, विशेष कृषि उत्पादन तथा वागवानी विकास
  कार्यक्रम अर्न्तगत कृषकहरूलाई अनुदानमा स्याउका विरूवा, कृषि सामाग्री, आलु विऊ, च्याऊ विऊ, मौरी घार ढुवानी, फारको पिठो हाल्ने झोला वितरण,प्राङगारिक मल, स्याउ प्याकेजिङका लागि कार्टुन, ग्रेडीङ मेसिनको ग्रेडर पार्टस परिर्वतन, रासायनिक मल ढुवानी,हरित गृह घर निर्माण गर्न प्लास्टिक वितरण गर्नुका साथसाथै स्याउ वँगैचा तथा तरकारी वारीहरू व्यवस्थापन गर्न अभिमुखीकरण तालिम सञ्चालन गरिएको छ । जसका कारण फलफुल खेती र वेमौसमी तरकारी उत्पादन वृद्धि भई कृषकको जिवनस्तरमा सुधार भएको पाइएको छ ।
- प्रधानमन्त्री कृषि आधुनिक परियोजना
  कार्यक्रम अर्न्तगत यस गाँउपालिकाका १ र २ वडा मा स्याउ खेति र वाँकी वडामा तरकारी खेतिको पकेट क्षेत्र निर्माण गर्न आवश्यक कदम चालेको पाइयो । जसका लागी मार्फालाई स्याउ पकेट क्षेत्र चयन गरी १ वटा सेड हाउस निर्माण, तालिम केन्द्र स्थापनाका लागि आवश्यक सामाग्री खरिद (कम्प्युटर, मल्टिमिडीया, टेवुल, दराज, फोटोकपि मेसिन, ल्यापटप,कुर्चि), पोष्ट हारभेष्ट सेन्टर स्थापना, सहभागितात्मक व्यवसायिक उत्पादन, प्रदर्शन तथा स्थलगत तालिमको स्थापना गरिने भएको छ । जसका कारण मार्फालाई स्याउ केन्द्र बनाउन सहयोग पुग्ने देखिएको छ ।
- साना सिँचाइ
  कार्यक्रम अर्न्तगत स्याङ र मार्फामा सिँचाई कुलो निर्माण गरिएको छ, जसका कारण तरकारी उत्पादनमा अपेक्षित सुधार भएको छ ।

### २.२.२ जिल्ला पशु सेवा कार्यालयबाट

जिल्ला पशु सेवा कार्यालबाट आ.व. २०७३।७४ मा सञ्चालन भएका कार्यक्रमहरूको समिक्षा

- अण्डामा आत्मर्निभर तथा आयत प्रतिस्थापन, औषधी एवं खोप व्यवस्थापन, चल्ला ढुवानी व्यवस्थापन, दाना व्यवस्थापन लगायत कुखुरा उत्पादन अभिवृद्धि गर्ने तथा मासुमा आत्मर्निभर बनाउन कार्यक्रमहरू संचालन भएको ।

- दुध तथा दुग्धजन्य पदार्थ आत्मनिर्भरताका लागि गाईभैसीमा खोप लगाउने तथा विभिन्न रोग वारे जनचेतना जगाउने साथै नश्ल सुधार कार्यक्रमहरू संचालन भएको ।
- आहारा विकास कार्यक्रम अर्न्तगत घाँस वितरण, उन्नत गाई खरिदमा अनुदान तथा उन्नत साँढे वितरण र याक वितरण गरिएको पाइयो, सचेतना अभिवृद्धिका लागि सम्बन्धी दिवस हरूलाई भव्यताका साथ मनाउने कार्यक्रम संचालन गरीयो ।

यी कार्यक्रमहरू मार्फत जिल्लालाई मासु तथा दुधमा आत्मर्निभर बनाउन विशेष टेवा पुगेको देखिन्छ ।

### २.२.३ जिल्ला भू-संरक्षण कार्यालय

जिल्ला भू-संरक्षण कार्यालबाट आ.व. २०७३।७४मा सञ्चालन भएका कार्यक्रमहरूको समिक्षा

- पानी मुहान संरक्षणका लागि ढुम्बा खोला तटबन्ध भएको ।
- तालतलैया संरक्षण का लागि छपनि विछ्याउने तथा कुलो मर्मत तथा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको ।
- बाँस र निगालो राइजोम वितरण गरेको ।
- गल्छी पहिरो उपचार अर्न्तगत नदि तथा खोला हरूमा ग्याविन तटवन्ध निर्माण भएको ।
- वृक्षारोपण अर्न्तगत मार्फा फलफुल तथा तरकारी प्रशोधन उद्योग सञ्चालन भएको ।
- साझेदारी भूसंरक्षण कार्यक्रम अर्न्तगत विभिन्न ठाँउ हरूमा छपनि ढुंगा विछ्याउने कार्य सम्पन्न भएको ।
- जोमसोम कृषक समुहका लागि सिँचाई कुलो निर्माण कार्यमा सहयोग पुऱ्याएको ।

माथिका कार्यक्रम मार्फत यस घरपझोङ गाँउपालिकामा पहिरो गल्छी उपचार, तटबन्ध निर्माण तथा बृक्षारोपण मार्फत बस्तीको जोखिम न्यूनिकरण तथा वातावरण सन्तुलनमा टेवा पुगेको देखिएको छ ।

### २.२.४ जिल्ला शिक्षा कार्यालय

जिल्ला शिक्षा कार्यालबाट आ.व. २०७३।७४मा सञ्चालन भएका कार्यक्रमहरूको समिक्षा

- **पूँजिगत तर्फ**
- जनहित मा.वि. को दुई कोठे भवन निर्माण
- फर्निचर व्यवस्थापन
- जनवाल मा.वि. मर्मत
- चिमाङ स्कुल मर्मत
- नमूना प्रा. वि.,स्याङ जनकल्याण मा.वि.,ठिनी जनमुक्ति नमूना भवन मर्मत
- **अन्य कार्यक्रम तर्फ**

- छात्रवृत्ति वितरण
- आवासिय छात्रावृत्ति वितरण
- ICT computer Lab जनकल्याण मा.वि.
- कक्षा १० का विद्यार्थीलाई ट्युसन पढ्न पैसाको व्यवस्था, जनहित मा.वि.
- शिक्षा दिवसमा शिक्षक पुरस्कृत कार्यक्रम
- वालवालिका केन्द्र संचालन
- जिल्ला वाल पुस्तकालय जनहित मा.वि (वालमन्दीर) मा स्थापना भएको

जिल्ला शिक्षा कार्यालयबाट संचालित कार्यक्रमहरूले आधुनिक वालमैत्री सिकाई तथा शिक्षकको क्षमता अभिवृद्धि तथा भौतिक रूपमा विद्यालयलाई सम्पन्न वनाउन सघाउ पुगेको देखिन्छ ।

## २.२.५ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

जिल्ला शिक्षा कार्यालबाट आ.व. २०७३।७४मा सञ्चालन भएका कार्यक्रमहरूको समिक्षा

मार्फत आ.व. २०७३।७४ मा सञ्चालित कार्याक्रमहरूमा जोमसोम खानेपानी योजना, छैरो खानेपानी योजना कार्यक्रमहरू छन् । जसका कारण जोमसोम तथा छैरो लागि स्वच्छ खानेपानीको दिगो पर्याप्तता भएको देखिन्छ, आगामि आ.व. का लागि समेत यी योजनाले निरन्तरता पाउने छन् ।

## २.२.६ महिला वालवालिका कार्यालय मुस्ताङ

जिल्ला शिक्षा कार्यालबाट आ.व. २०७३।७४मा सञ्चालन भएका कार्यक्रमहरूको समिक्षा

- अभियानमुलक कार्यक्रम, महिलाका लागि लेखा सम्बन्धी तालिम, वालविवाह विरूद्धको अभियान, हिँसा विरूद्ध अभियान, वालकल्याणका कार्यक्रम, मानव वेचविखन विरूद्धको कार्यक्रम, जिल्ला वाल भेला, गा.वि.स. तथा जिल्लास्तरमा वाल संजाल गठन, हिँसा पिडित तथा एकल महिलाहरूलाई आर्थिक सहयोग, अपांग तथा जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडी वढाएको देखिन्छ ।
- यी कार्यक्रमहरू मार्फत महिला, वालवालिका तथा जेष्ठ नागरिकहरूको हक अधिकार सुनिश्चित गर्न तथा महिला अधिकार, वाल अधिकार लगायत मानव अधिकारको सुनिश्चितताका पक्षमा सकरात्मक क्रियाकलाप भएको देखिन्छ ।

## २.२.७ जिल्ला स्वास्थ्य कार्यालय मुस्ताङ

जिल्ला स्वास्थ्य कार्यालयबाट आ.व. २०७३।७४मा सञ्चालन भएका कार्यक्रमहरूको समिक्षा

- जिल्ला स्वास्थ्य कार्यालय मार्फत आ.व. २०७३।७४ मा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई विशेष प्रोत्साहन कार्यक्रम, औषधि तथा खोप वितरण कार्यक्रम प्रभावकारी

बनाइएको,खोपकेन्द्र भवनको निर्माण, जिल्ला अस्पतालमा विरामी लक्षित कार्यक्रमहरू संचालन गरिएको छ ।

- जिल्ला स्वास्थ्य कार्यालयका यि कार्यक्रमहरूका कारण जिल्ला र घरपभ्mोङ क्षेत्रका मानिसहरूलाई विविध स्वास्थ्य सेवामा सकरात्मक सहयोग पुगेको देखिन्छ ।

## २.३. स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समिक्षा

सम्पादन गरेका क्रियाकलापहरु :–

पूर्वाधार तर्फ :

१) गाउँपालिका रहेको गाउँकार्यपालिकाको कार्यालय भवन मर्मत संभार गरिएको ।

२) गाउँपालिका रहेको गाउँकार्यपालिकाको कार्यालय भवन परिसरमा गेट तथा कम्पाउण्ड वाल निर्माण गरिएको

प्रवद्धनात्मक तर्फ :

१) कार्यालय व्यवस्थापन :– (क) पावर व्याकअप ईन्भर्टर खरिद तथा जडान
(ख) कम्प्यूटर तथा प्रिन्टर खरिद
(ग) फर्निचर तथा फर्निसिङका सामानहरु खरिद

उपलब्धीहरु

१. अव्यवस्थित र आवाशीय वनोटको भवनको भित्री भागमा थप ढोकाहरु राखी वालहरु व्यवस्थित गरि काउण्टर डेक्स निर्माण, रंगरोगन र सरसफाईबाट कार्यालय प्रर्याप्त नभए पनि तत्कालको शाखाहरुको व्यवस्था र संचालन गर्न एवं सेवा प्रवाह गर्न सहज हुन गएको छ ।

२. गाउँ कार्यपालिकाको कार्यालय भवनको अगाडी पट्टी र पूर्वि साईडमा कम्पाउण्डवाल निर्माण हुँदा निरन्तर वग्ने हावाको प्रकोपबाट छेक्नुको साथै कार्यालय भवन र अन्य सम्पत्तीको समेत संरक्षण भई कम्पाउण्ड घेरा भित्र फलफुल र फुल रोपण गर्ने तथा सवारी साधन पार्किङ गर्ने स्थान पनि व्यवस्थित भएको छ  साथै कार्यालय परिसरको बनोटले सुन्दरता थपिएको छ ।

३. (क) व्याकअप वेट्री तथा इन्भर्टरको सहायताले विद्युत आपूर्ति नभएको अवस्थामा पनि कम्प्यूटर फ्याक्स प्रिन्टर नेट जस्ता अत्याधुनिक प्रणालीबाट दैनिक कार्यसम्पादन, अभिलेख तथा सेवा प्रवाहमा रोकावट नभै निरन्तर सेवा संचालन गर्न सकिएको छ ।

(ख) छिटो छरितो र चुस्त दुरुस्त सेवा प्रवाह गर्न सफा र बुझिने लेखाई तथा अभिलेखनका लागी कम्प्यूटर र प्रिन्टरको संख्या अप्रर्याप्त भएता पनि उपलब्ध संख्याले कार्य सम्पादनमा सहजता ल्याएको छ ।

(ग) भवनको भित्री भागमा पदाधिकारीहरुका कोठा लगाएत कार्यालयका शाखा फाँटहरु व्यवस्थित गरि कार्यसम्पादन गर्न सहजता ल्याएको,साथै बैठक प्रयोजनको लागी पनि आवस्यक फर्निचर फर्निसिङ जस्ता सामाग्रीले कार्यालयको काममा व्यवस्थित हुन सघाउ पु-याएको छ ।

# २.४ गैर सरकारी संघ संस्थाहरू बाट सम्पन्न कार्यक्रमको समिक्षा

## क. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक परिचय

२०४३ सालमंसीर २५ गते कास्कीजिल्लाको घान्द्रुकगाउंबाट परिक्षणको रुपमा सुरु गरिएको यस अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको मुख्यउदेश्यहरु:

१. अन्नपूर्ण संरक्षण क्षेत्रको प्राकृतिकतथा सास्कृतिक सम्पदाहरुको संरक्षण तथा सर्म्बधन

२. संरक्षण क्षेत्र भित्रको सामाजिक, आर्थिक, सास्कृतीको दिगो विकास

३. संरक्षण रविकासमालमीको भूमिका

यस आयोजनाले आफ्नो परिक्षणकालमासंरक्षण तथाविकासको लागीस्थानियवासिन्दाहरुलाईव्यापक जन सहभागितागराउदैआयोजनाले संरक्षण तथाविकासकालागीआवश्यकआर्थिक श्रोतहरु दिने रचाहिने विचमालमिको भूमिकापुलको कामगर्दै दिने व्यक्तिरचाहीने व्यक्तिहरुको भेटघाट गराई दिगो विकास गराई सम्पूर्ण स्थानियबासिन्दाहरुको मन जित्न सफल, यस आयोजनाले दोश्रो चरनमाआफ्नो कार्यक्रमहरु विस्तार गरी कास्कीजिल्लाको ल्वाङ्ग घलेल र सक्लेस सम्मविस्तारगर्न सफलभयो ।
यस आयोजनाको कार्यक्रमहरु, कार्य गर्ने शैलीतथा स्थानियबासिन्दाको व्यापकलोकप्रियताको कारणले नेपाल सरकारले यस आयोजनालाई कानूनीमान्यतादिई नेपाल सरकारको २०४९ सालश्रावण ४ गतेको राजपत्रमाप्रकाशित गरी यसको म्याद १० वर्षको लागीथप गरी कास्कीजिल्लाको १९वटागा.वि.स., म्याग्दीजिल्लाको २ वटागा.वि.स., लम्जुङ्गजिल्लाको ७वटागा.वि.स., मुस्ताङ्गरमनाङ्गजिल्लाको सम्पूर्ण भू-भाग गरी जम्मा ७,६२९ वर्ग किलोमिटर यस आयोजनाको क्षेत्र विस्तारगरि अझै कानूनी रुपमा यस आयोजनालाई २०५३ सालमा संरक्षण क्षेत्र व्यवस्थापननियमावलीर २०५७ सालमा संरक्षण क्षेत्र व्यवस्थापननिर्देशिका घोषणा गरी अधिकार सम्पन्नएउटाअर्धगैर सरकारी कार्यालयको हैसीयतले आफ्नो कार्यक्रमहरु संचालनगर्दै आइरहेको छ ।
यो अन्नपूर्ण संरक्षण क्षेत्र समुन्द्र सहत देखि ८०० मिटरहुदै ८,०९१ मिटरउचाई सम्मरहेको छ नेपलको सवैभन्दाठूलो संरक्षित क्षेत्र, मुक्तिनाथतथादामोदरकुण्ड जस्ता पवित्रधार्मिक स्थलहरु भएको क्षेत्र, विश्वको सवैभन्दाउचाइमारहेको तिलिचो तालरहेको क्षेत्र, विश्वकै सवैभन्दागहिरो कालीगण्डकीखोंच(गल्छी)रहेको क्षेत्र, प्राकृतिक दृष्यको आधारमाविश्वकै उत्कृष्ट मानिएको अन्नपूर्ण सेन्चुरी रहेको क्षेत्र, नेपालमा सवैभन्दा बढीपदयात्राकालागिपर्यटक आउने क्षेत्रमा पर्दछ । यस क्षेत्रमामुख्यवन्यजन्तुहरुमाविश्वबाट लोप हुने अवस्थामारहेको हिउं चितुवा(हिमालकीरानी), कस्तुरी मृग, नाउर, चितुवा, रतुवा मृग, डाँफे, मुनाल, चिरकालिजआदिपाइन्छ भने मुख्यवनस्पतीमाउत्तिस, गोब्रे सल्ला, लालिगुराँस, चांप, कालिकाठआदिपाइन्छ । जैविकविविधताको धनी यस क्षेत्रमा १,२२६ प्रजातीकावनस्पती(जस मध्ये ५५ प्रजातीरैथानै), १०१ भन्दा बढी प्रजातीका स्तनधारीजन्तुहरु, ४७४ भन्दा बढी प्रजातीका चराचुरुङ्गीहरु तथा ३९ भन्दा बढी घस्रने प्रजातीकाप्राणीहरु पाइन्छ ।

यस आयोजनाले हाल सम्म संचालनगर्ने गरेकाकार्यक्रमहरु यस प्रकाररहेको छन् ।

**१. प्राकृतिकश्रोत संरक्षण कार्यक्रम:**

- संरक्षण समितितथावनउप-समितिहरु गठन
- वनतथावन्यजन्तु संरक्षण, भू-संरक्षण तथानदि तट्बन्धन
- चरन क्षेत्र विस्तारतथाव्यवस्थापन
- सर्वे, अनुसन्धानतथाअभिलेखिकरण
- अनुगमनतथामुल्याङ्कन

**२. दिगो पर्यटन व्यवस्थापनकार्यक्रम**

- पर्यटन व्यवस्थापनउप-समितिगठन
- सूचनाप्रवाह

- पर्यटन चेतनासिविर
- पर्यटन क्षमताविकास
- पर्यटन पूर्वधारविकास
- फोहोर मैलाव्यवस्थापन

**३. सामुदायिकपूर्वधारविकास कार्यक्रम**

- खानेपानिव्यवस्थापन
- बाटो तथापुलनिर्माण सहयोग
- स्वास्थ्यतथा सरसफाई
- सामुदायिकभवननिर्माण सहयोग

**४. लैङ्गिकविकास कार्यक्रम**

- संस्थागतविकास
- क्षमताविकास
- आयआर्जन
- स्वास्थ्यतथा सरसफाइ
- अध्ययनभ्रमण

**५. संरक्षण शिक्षातथाप्रचार प्रसारकार्यक्रम**

- संरक्षण शिक्षाकार्यक्रम
- हरित समूहगठन
- तालिमतथागोष्ठि
- संरक्षण चेतनाशिविर
- अध्ययनभ्रमण
- घुम्तीशिविर

**६. वैकल्पिकउर्जा कार्यक्रम**

- सानालघुजलविद्युतआयोजना
- गोवरग्यांस
- सौर्य उर्जा
- जैविकउर्जा
- दाउरा वचतयन्त्रवितरण

**७. स्वास्थ्य सेवा सहयोग कार्यक्रम**

- तालिम(प्रजनन् स्वास्थ्य, प्राथकिमउपचारतथा सन्तुलितआहारा)
- स्वास्थ्य चेतनाशिविर
- स्वास्थ्य घुम्तीशिविर
- साधारण स्वास्थ्यउपचार

**८. कृषीतथापशुविकास कार्यक्रम**

- प्रर्दशनतथाशिकाई
- विउतथा वेर्ना वितरण
- सिचाई सहयोग
- तालिमतथागोष्ठि
- सामाग्रीवितरण

**९. संस्कृतीतथा सम्पदा संरक्षण कार्यक्रम**

- मन्दिरतथागुम्बामर्मत संभार
- स्थानियचाडपर्व संरक्षण
- संस्कृतीतथा सम्पदाको व्यवस्थापनकार्य योजनातयार
- जन चेतनाशिक्षा

आयोजनाले माथिउल्लेखितकार्यक्रमहरु संचालनगर्नको लागी ७ वटा स्थानमाइलाका संरक्षण कार्यालय (लोमान्थाङ्ग, जोमसोम, मनाङ्ग, भुजुङ्ग, सिक्लेस, ल्वाङ्गर घान्द्रुक) हरुबाट स्थानियबासिन्दाहरुलाई दैनिक रुपमाआवश्यककाठ, दाउरा, घांस आदिको उचित संरक्षण तथाव्यवस्थापनगर्दै दिगो पर्यटनको पूर्वधारको विकास गरी स्थानियबासिन्दाहरुको आयआर्जन गर्न गराउनदत्तचित्तले लागीरहेको यस आयोजनाले भविष्यमापनि अझै प्राकृतिकश्रोतको संरक्षणव्यवस्थापन, पर्य पर्यावरण संरक्षण तथादिगो पर्यटन विकासकार्यमालागिरहने छ ।

## ख. मुस्ताङ कल्याणकारी संघ, मुस्ताङ

सम्पादन गरेका क्रियाकलापहरु :–

१) जिल्ला विकास समितिको सहयोगमा झोलुङ्गे पुल निर्माण,

२) मुस्ताङमा रहेका सबै स्वास्थ्य चौकीहरुको सामाजिक परीक्षण,

३) जिल्ला स्थित ४ वटा कार्यालयहरुको लैङ्गीक परीक्षण,

४) विपद व्यवस्थापन तथा जोखिम न्यूनिकरण सम्बन्धमा सबै गा.पा. पदाधिकारीहरुलाई अभिमूखिकरण,

५) महिला सशक्तिकरणका लागी महिला कानुनी साक्षरता कार्यक्रम सञ्चालन,

उपलब्धीहरु

१. झोलुङ्गे पुल निर्माणले सर्वसाधारणलाई नदि तर्न सहजता हुनुको साथै वारपार गर्दा समयको बचत तथा मान्छेको ज्यान जोखिमबाट उन्मुक्त भएको अवस्था, एक गाउँ र अर्को गाउँ विच सम्बन्ध र समन्वयमा टेवा पु-याएको छ । आर्थिक रुपमा कुना कुनाका गाउँहरुमा आफ्ना कृषि उपजहरु विक्रि वितरण गर्न सहज तथा ढुवानी खर्च कम लाग्ने भएको ।

२. सबै स्वास्थ्य चौकीहरुको काम कर्तव्यमा सुक्ष्म रुपमा परिक्षण गरि सेवा दिने तथा सेवा ग्राही संगको सम्बन्ध स्पष्ट र सुदृढ भई स्वास्थ्य चौकी आफ्नै हो भन्ने भावना जागृत भएको ।

३. जिल्ला स्थितका कार्यालयहरुमा कस्तो लैंगिक समानता छ भन्ने विषयमा स्पष्टता गरि कार्यालयलाई जानकारी गराईएको ।

४. गाउँपालिकाको विकास निर्माण गर्दा विपद व्यवस्थापन जोखिम न्यूनिकरण सम्बन्धि विषयमा ध्यानाकर्षण गराई विपद व्यवस्थापन गर्न सबै गाउँपालिकाका जनप्रतिनिधि पदाधिकारीहरुले प्रतिबद्धता जनाएको ।

५. जिल्ला भित्रका महिला प्रतिनिधिहरुलाई संविधानमा उल्लेखित महिला हकहित सम्बन्धि व्यवस्थाको जानकारी भएको,

## ग. संस्थाको नाम :पाइला नेपाल मुस्ताङ (STEP-NEPAL)

**संस्थाको ठेगाना (कार्यालय रहेको स्थान) :**
जिल्ला : मुस्ताङ गा.वि.स. : जोमसोम वडा नं. : ६
**फोन : ०६९-४४०२६१** **फ्याक्स : ०६९-४४०३१६** इमेल stepnepal139@gmail.com

**संस्थाको उद्देश्य :**

- महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक उत्थान सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
- वातावरण, प्राकृतिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण गर्ने ।
- शिक्षा, स्वास्थ्य, भाषा, साहित्य, संगीत र संचार सम्बन्धी कार्यक्रम गर्ने ।
- विभिन्न सरकारी/गैर सरकारी संघ संस्थाहरुसंग समन्वय गर्ने ।
- विषयगत क्षमता अभिवृद्धि र व्यवसायीकरण गर्ने
  (पर्यटन, कृषि, पशुपालन, जडीवुटी, वैकल्पिक उर्जा सम्बन्धी)
- विभिन्न विकास निर्माणका कार्यहरु गर्ने ।
- समाजमा पछि परेका वर्गहरुको सशक्तीकरण गर्ने ।
- एच.आई.भि./ एड्स तथा यौन सचेतना कार्यक्रम सञ्चालन गर्ने

**संस्थाको लक्ष्य :**

समाजमा सामाजिक, साँस्कृतिक, राजनीतिक, आर्थिक, धार्मिक, शैक्षिक, लैङ्गिक, वर्गीय

हिसाबले पछि परेकाहरुका अधिकारका लागि पहल गर्न पाइला नेपाल (STEP Nepal) को स्थापना गरिएको छ ।

गत आर्थिक वर्ष ०७३/०७४ मा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

१, **बाल विकास केन्द्रहरुमा शैक्षिक सामाग्री वितरण : (बजेट रु. २५०००.००)**

- राष्ट्रिय बाल दिवस को अवसर पारी पाँचवटा बाल विकास केन्द्रहरुमा शैक्षिक सामग्री वितरण गरिएको
- ५ वटा श्रोतकेन्द्रबाट १/१ वटा बाल विकास केन्द्र छनौट गरि वितरण गरिएको
- शैक्षिक सामाग्री वितरण गरिएका विद्यालयहरु

  श्री जन नर्मल प्रा.वि, छुक्साङ

  श्री राष्ट्रिय नि.मा.वि, लोमान्थाङ

  श्री मुक्ति नमुना प्रा.वि, ठिनी

  श्री राष्ट्रिय वुद्धि विकास प्रा.वि, नाउरीकोट

  श्री ताक्लुङ नि.मा.वि, ताक्लुङ

२, **लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम :**

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम अन्तरगत साविकको झोङ गा.वि.स.का महिलाहरुलाई सहभागी लैङ्गिक हिंसा, महिला अधिकार र महिला कानुनी साक्षरता सम्वन्धी १ दिने कार्यशाला
- कार्यक्रम संचालन मिति २०७३ मंसिर २५ गते
- सहभागी २५ जना
- कार्यक्रम स्थान : झोङ सामूदायिक भवन

३ **बाल अधिकार सम्वन्धी बाल अभिमुखिकरण कार्यक्रम :**

- बाल बालिकाहरुको अधिकार सम्बन्धी जनचेतना जगाउनका लागि विभिन्न संघ संस्था, कार्यालय तथा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र र बालबालिकाहरुको उपस्थितिमा १ दिने बाल अभिमुखिकरण कार्यकम संचालन
- कार्यक्रम स्थान कुञ्जो गाविस कार्यालय
- कार्यक्रम संचालन मिति : ०७३ मंसिर २९ गते
- सहभागी : २८

४ **सामाजिक परिचालन कार्यक्रम :**

- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय शासन तथा सामूदायिक विकास कार्यक्रम (LGCDP) मार्फत यस जिल्लामा संचालित सामाजिक परिचालन कार्यक्रममा स्थानीय सेवा प्रदायक संस्था (LSP) को भूमिका निर्वाह गरी ८ वटा गा.वि.सको नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चको अनुगमन तथा मुल्याङ्कन गर्नुका साथै जिविकोपार्जन सुधार कार्यकम संचालन गर्न सामाजिक परिचालकहरुलाई सहजिकरण तथा सहयोग

- कार्यक्षेत्र : साविकको मुक्तिनाथ, झोङ, जोमसोम, मार्फा, टुकुचे, कोबाङ, लेते र कुञ्जो गाविस

  **संस्थाद्धारा संचालित कार्यक्रमहरूको उपलब्धी**

- स्थानीय निकायको कार्य प्रकृया, योजना तजुर्मा र कार्यान्वयन प्रकृयामा संवन्धमा नागरिकहरू जानकार भएको
- बाल अधिकार सम्बन्धी जानकार भई बाल अधिकार सुनिश्चित गर्नका लागि जनसमाज मात्र नभइ बालबालिकाहरू पनि अग्रसर भएको
- बाल बालिकाहरू पनि स्थानीय तहको वजेट विनियोजन कार्यक्रममा अर्थपूर्ण सहभागी जनाइ आफ्ना हक हितका लागि योजनाहरू माग गर्न सक्षम बनेको
- १६ दिने अभियान कार्यक्रममा सहभागी भइ समुदायका महिलाहरू महिला हिंसा, लैंगिक हिंसा ,कानुनी साक्षरता बारे जानकार हुनुका साथै त्यस्ता घटनाहरू घट्न नदिन सचेत भएको
- स्थानीय निकायको योजना तर्जुमा प्रकृया समावेशी र सहभागितामुलक हुंदै हालको अवस्थामा सुधार भएको
- सामाजिक उत्तरदायीत्व वहनका विभिन्न साधनहरू (Tools) जस्तै : सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण, सामाजिक लेखापरिक्षण लगायतका विधिको उपयोग गर्नका लागि वडा नागरिक मञ्च , नागरिक सचेतना केन्द्र र स्थानीय निकायहरूको क्षमता विकास भएको
- जिविकोपार्जन सुधार कार्यक्रम अर्न्तगत विनियोजित रू १,००,००० बाट ना.स.के का सदस्यहरूले घुम्ती कोषको रूपमा प्रयोग गरी विभिन्न व्यवसाय तथा आयआर्जन कार्यक्रम संचालन गरी विपन्न वस्तीका सदस्यहरूको जिविकोपार्जनमा सुधार भएको

**मुख्य चुनौतिहरु :**

- आर्थिक अभावको कारण आफ्नै भवनमा कार्यालय नभएको
- भौगोलिक विकटता
- प्रतिकूल हावापानी
- सूचना र संचारको अभाव
- चेतनाको अभाव

# खण्ड ३ आगामी आ.व.२०७४-७५ को निति, बजेट तथा कार्यक्रमहरू

**३.१ सोच** : आर्थिक रूपमा सवल सामाजिक रूपमा ऐक्यबद्धता भएको, साँस्कतिक रूपमा मौलिक, गन्तव्य किटान सहितको सुन्दर र सम्वृद्ध पर्यटकिय गाउँपालीका वनाउने ।

**३.२ लक्ष्य** : आन्तरिक आयको वृद्धि गर्दै मानवीय तथा भौतिक विकासका पक्षमा ध्यान दिई आर्थिक  विकासको आधार तय गर्ने ।

**३.३ उदेश्य** : समावेशी विकास, दलित, पिछिडिएको वर्ग, अल्पसंख्यक जातजाती र सबै क्षेत्रहरुको अर्थपूर्ण सहभागिता, स्रोत तथा साधनको न्यायपूर्ण वितरण सहितको दिगो विकास मार्फत आर्थिक–सामाजिक रूपान्तरणमा जोड दिनु ।

**३.४ अपेक्षित उपलब्धिहरू**

- कृषि आय आर्जन मार्फत कृषकहरूको जीवनस्तरमा सुधार भै आधुनिक स्थानीय वातावरण अनुकुलको कृषि प्रणालीको आधार तह हुनेछ ।
- पर्यटकहरूको सन्तुष्टी अभिवृद्धि भई पर्यटकरूको आगमनमा वृद्धि हुने साथै बसाई अवधि लम्बिन गई रोजगारी अभिवृद्धिमा टेवा पुग्नेछ ।
- परम्परामा आधारित साना तथा मझौला उद्योगहरूको विकास तथा स्थानीय सिप र सँस्कृतिको जर्गेना र संरक्षण हुनेछ ,
- बालबालिकाहरूको आन्तरिक क्षमतामा अभिवृद्धि तथा शैक्षिक उपलब्धिमा सुधार भई गुणस्तरिय शिक्षामा सबैको सरल, सहज पहुँच पुगेको हुनेछ ।
- जेष्ठ नागरिक, अपाङ्ग र एकल महिलाको स्वास्थ्य सेवामा पहुँच तथा मातृस्वास्थ्य र शिशुको स्वास्थ्यको क्षेत्रमा सकरात्मक संकेतहरू देखिएका  हुनेछन ।
- आर्थिक सामाजिक विकासमा महिला, दलित, अपाङ्ग, पिछडिएको वर्ग र क्षेत्रको सार्थक सहभागिता अभिवृद्धि हुनेछ ।
- दिगो विकास मैत्री पूर्वाधारहरूको विकास र विस्तार भएको हुनेछ  ।
- वातावरण प्रर्वधन, उद्यानहरूको स्तरोन्नती तथा सरसफाईयुक्त क्षेत्र निर्माण गरी वातावरण सन्तुलनमा टेवा पुगेको हुनेछ ।

## ३.५ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरीएका प्रमुख निति तथा आधारहरू

### ३.५.१ समग्र निति तथा आधारहरू

क) शिक्षालाई सहज, गुणस्तर र पहुँचयोग्य बनाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमुलक, रोजगारमुलक एवं जनमुखी बनाँउदै सक्षम, प्रतिस्पर्धी तथा नैतिक जनशक्ति तयार गर्ने ।

ख) नागरिक तथा वालवालिकाहरूको व्यक्तित्व विकासका लागि विद्यालयस्तरमा र सामुदायिकस्तरमा सहज सिकाईको व्यवस्थापन गर्ने ।

ग) आधारभुत स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्न वर्थिङ सेन्टर निर्माण र सोको स्तरोन्नती तथा जेष्ठ नागरिक, अपांग, एकल महिला आदिका लागि निशुल्क आधारभुत स्वास्थ्य सेवाका पहुँच पुऱ्याउने ।

घ) बालश्रम लगायत श्रमशोषणका सबै रूपहरूको अन्त्य गर्न चेतनामुलक र निरोधात्मक कार्यक्रम संचालन गरिने । निकृट प्रकारको श्रमलाई निरुसाहित गरिने छ ।

ङ) बालबच्चाको पालन पोषण लगायत तिनीहरूको सर्वोत्तम हितको प्राथमिक रूपमा ध्यान दिइने । पुर्ण खोपको सुनिश्चिततालाई निरन्तरता दिइने छ ।

च) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदाय भित्रका आर्थिक रूपले विपन्नहरुलाई प्राथमिकता प्रदान गर्ने ।

छ) स्वस्थ र सक्षम नागरिक तयार गर्न खेलकुद र खेलाडीमा लगानी गर्ने ।

झ) सामाजिक तथा साँस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने ।

ञ) सामाजिक तथा साँस्कृतिक रूपान्तरणका लागि स्थानीय जनताको सर्वोत्तम हित प्रत्याभुत गर्न समयसापेक्ष नकारात्मक संस्कारको उन्मुलन तथा स्थानिय सांस्कृतिक परम्पराको समयसापेक्ष परिष्करण र विकास गरिने ।

ट) ऐतिहाँसिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण सम्र्बधन र विकासका लागि आवश्यक क्रियाकलापमा जोड दिने ।

ठ) सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने ।

ड) समुदाय, भाषा लिपी, संस्कृति, कला, साहित्य सम्पदाको संरक्षण र विकास गर्ने ।

ढ) सहकारी क्षेत्रको प्रर्वधन गर्ने ।

ण) तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान गरी स्थानीय उद्योगहरूको विकास र विस्तारद्धारा निर्यात प्रर्वधन गर्दै वस्तुको उत्पादन, प्रशोधन तथा सेवाको बजार विविधिकरण र विस्तार गर्ने ।

त) किसानको हक हित संरक्षण सम्र्बधन गर्दै कृषिको उत्पादन र उत्पादकत्व वढाउन भूमिको व्यवस्थापन र कृषिको व्यवसायिकरण, औधोगिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने ।

थ) कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र वजार पहुँचको व्यवस्था गर्ने ।

द) विकास निर्माणको प्रकृयामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने ।

ध) विकासको प्रतिफल तथा श्रोत साधनको वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिने ।

न) जलउत्पन्न प्रकोप नियन्त्रण गर्दै दिगो र भरपर्दो सिँचाईको विकास गर्ने ।

प) बन्यजन्तु, वनस्पति तथा जैविक विविधताको संरक्षण संर्वधन र दिगो उपयोग गर्ने ।

फ) वातावरण प्रदुषण गर्नेले सो वापत दायित्व वेर्होनुपर्ने तथा वातावरणिय दिगो विकासका सिद्धान्तहरू अवलम्बन गर्ने ।

ब) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनिकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पूनस्थापना गर्ने ।

भ) ऐतिहाँसिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रर्वधन एवं प्रचार प्रसार मार्फत आर्थिक क्षेत्रको महत्वपुर्ण आधारका रूपमा पर्यटन क्षेत्रको विकास गर्ने ।

म) स्थानीय तहको न्याय प्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने साथै सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप तथा मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने ।

## ३.५.२ क्षेत्रगत निति तथा आधारहरू

**क आर्थिक क्षेत्र**

कृषि

उद्योग तथा वाणिज्य

पर्यटन

सहकारी तथा वित्तीय क्षेत्र

**ख सामाजिक क्षेत्र**

शिक्षा

स्वास्थ्य

खानेपानी तथा सरसफाई

संस्कृति प्रर्वधन

लैंगिक समानता

सामाजिक समावेशीकरण

**ग पूर्वाधार क्षेत्र**

सडक तथा पुल(झोलुङगे पुल समेत)

सिँचाई

भवन तथा सहकारी विकास

उर्जा,लघु तथा साना जलविद्युत

**घ. वातावरण तथा विपद व्यवस्थापन**

वन तथा भू संरक्षण

वातावरण संरक्षण

जलवायु परिवर्तन
फोहोरमैला व्यवस्थापन
जल उत्पन्न प्रकोप नियन्त्रण
विपद व्यवस्थापन
वारूण यन्त्र सञ्चालन

**ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

मानव संसाधन विकास
संस्थागत क्षमता विकास
संस्थागत पूर्वाधार
नागरिक वडापत्र तथा टोकन प्रणाली
सेवा प्रवाहका मापदण्ड र्निधारण
सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयो**ग**

## ३.६ मुख्य मुख्य आयोजना र क्रियाकलापहरू

सहभागितामुलक योजना तर्जुमा प्रक्रिया अन्तर्गत आगामी आ.व. २०७४/ ७५ को समुदाय स्तर वडा स्तरको योजना तर्जुमा गोष्ठि र वडा वाट आएको योजनाको प्राथमिकिकरण, राजश्व परार्श समितिको वैठक, विषयगत समितिहरू सँगको वैठक, बजेट तर्जुमा तथा सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग वैठक वसि पटक पटक छलफल भई सिफारीस र परामर्श भएका योजना तथा कार्यक्रमलाई वजेट सहित गाउँ कार्यपालीकावाट स्विकृत भई आएका विषयहरू गाउँसभा वाट स्विकृत तथा अनुमोदन भई आएका निर्णय नं.२ मा उल्लेखित योजना तथा कार्यक्रमहरुनै मुख्य मुख्य आयोजना तथा कृयाकलापहरु हुन ।

## ३.७ अनुमानित व्यय र स्रोत व्यवस्थापन

अनुसूचीहरु राख्ने

उपस्थितिको स्केन कपी राख्ने